का.जि.प्र.का.द.नं. १००/०५९/६०
१० असार २०८०,
आइतबार
25 June 2023,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न
वर्ष २१, अंक १५० । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com




## सरकार परिवर्तनको खेल

# देउवाको विश्वास खोज्दै ओली

प्रचण्ड नेतृत्वमा सरकार बनेको छोटो समयमै एमाले र कांग्रेसका नेताहरुका बीचमा दुई ठूला दल मिलेर सरकार बनाउने प्रयाससम्बन्धी छलफल चलेको भएता पनि एमाले अध्यक्ष ओली र कांग्रेस सभापति देउवाका बीचमा सरकार बनाएर अगाडि जाने हदसम्मको विश्वासको अवस्था बनिसकेको छैन ।



हामी अहिले एक गठबन्धनमा छौं, गठबन्धन ठिक ढंगले गएन, चित्त बुझेन भने गठबन्धन बदलिन्छ । नयाँ सरकार बन्छ, कुनै अनौठो कुरा भएन । बन्छ, भत्किन्छ भइराख्छ ।

■ **गगनकुमार थापा**
**महामन्त्री, नेपाली कांग्रेस**



सरकार अस्थिर, कमजोर बनेको छ । सरकारले बजेटमार्फत देशलाई आर्थिक समस्या समाधान हुन्छ भन्ने सन्देश दिनसमेत सकेन । अब वर्तमान सरकारको विकल्प आवश्यक देखिएको छ ।

■ **महेशकुमार बर्तौला**
**सचेतक, नेकपा एमाले**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ९ असार ।

प्रमुख प्रतिपक्ष दल नेकपा एमाले वर्तमान पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार ढाल्ने प्रयासमा लागेको छ । यसको संकेत कांग्रेस र एमालेका नेताहरुले गरेका छन् ।

नेताहरुका अनुसार साना दलहरुले संसदमा सरकारको विरोध गर्दा उनीहरुको समर्थन गरेर होस् वा संसद बाहिरबाट कांग्रेसको अन्तर्विरोधमा खेलेर होस एमालेले वर्तमान सरकार ढाल्ने प्रयास गरेको छ ।

नेकपा एमालेका सचेतक महेशकुमार बर्तौलाले वर्तमान सरकारको आयु केही दिनमात्रै रहेको दाबी गर्छन । शुक्रबार संसद भवन बाहिर सञ्चारकमीहरुसँगको कुराकानीमा उनले वर्तमान सरकारको आयु वर्ष नभएर केही दिनसम्म मात्रै रहेको दाबी गरेका हुन् ।

'सरकार अस्थिर, कमजोर बनेको छ । बजेटमार्फत देशलाई आर्थिक समस्या समाधान हुन्छ भन्ने सन्देश दिनसमेत सकेन । अब वर्तमान सरकारको विकल्प आवश्यक देखिएको छ' उनले भने ।

एमालेका प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले समेत सरकारको विकल्प खोज्ने क्रममा एमाले मुकदर्शक भएर नबस्ने बताएर सरकार परिवर्तनको खेलमा एमाले लागेको उद्घोष गरिसकेका छन् ।

शुक्रबार मात्रै नेकपा एसका अध्यक्ष माधवकुमार नेपालले कम्युनिष्ट पार्टीको नेतृत्वमा रहेको सरकार ढाल्न एमाले लागिपरेको भन्दै सार्वजनिक रुपमा एमाले अध्यक्ष केपी शर्मा ओली यो खेलमा रहेको अभिव्यक्ति दिएका थिए । उनको त्यो अभिव्यक्ति र एमाले प्रचार विभागका प्रमुखको अभिव्यक्तिमा मेल खान्छ । 'सरकार नलायक छ, जवाफदेहीविहीन छ, जनताले सरकारको महसुस नगरेपछि विकल्पमा जान सकिन्छ भन्ने छलफल स्वभाविक छ, सत्तारुढभित्र बजेट असन्तुष्टि छ । विकल्पमा जानुपर्ने जनतामा प्रश्न उठेको छ' प्रचार विभाग प्रमुख गौतमले भनेका छन् ।


नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापा गठबन्धन फेरिनु र नयाँ सरकार बन्नु नौलो कुरा नभएको बताउँछन् । शनिवार काठमाडौं ४ को क्षेत्रीय सम्मेलनलाई सम्बोधन गर्दै उनले अहिलेको गठबन्धनले चित्त बुझ्ने गरी काम नगरे फेर्न सकिने बताए ।

'हामी अहिले एक गठबन्धनमा छौं, गठबन्धन ठीक ढंगले गएन, चित्त बुझेन भने गठबन्धन बदलिन्छ । नयाँ सरकार बन्छ, कुनै अनौठो कुरा भएन । बन्छ, भत्किन्छ भइराख्छ' उनले भने ।

एमाले र कांग्रेसका बीचमा समीकरण भएर सरकार बनाउने विषयमा दोस्रो र तेस्रो तहका नेताहरुले कुराकानी चुनावी परिणाम पछि नै गरेका थिए । तर, पहिलो र दोस्रो ठूलो दल मिलेर सरकार बनाउने अवस्था ठीक नभएको बिचार दुवै दलभित्र विकास भएका थिए ।

नेताहरुका अनुसार त्यसबेला प्रचण्डले आफूलाई पहिलो >>> पृष्ठ २ मा

# मिटरब्याज जाँचबुझ आयोगमा उजुरीको चाङ




जाँचबुझ आयोगमा निवेदन दिएपछि ऋण तिर्न पर्दैन भन्ने अफवाहले पनि केही निवेदन परेको छ । बीसौं वर्ष अगाडि जग्गा बेचेकोमा पनि मोल बढेकाले फिर्ता गराउन सकिन्छ कि भनी निवेदन दिएको पाइएको छ । राजधानी र शहरी क्षेत्रमा व्यापार गर्नलगायत करोडौ रकमको लेनदेनलाई पनि ऋण तिर्नु पर्दैन कि भनी मिटरब्याजको नाममा उजुरी परेका छन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ९ असार ।

मिटरब्याज समस्याको समाधान गर्न गठित जाँचबुझ आयोगमा उजुरीको चाङ लागेको छ । आयोगले शनिबार विज्ञप्ति निकालेर पीडितका २२ हजार वटा उजुरी परेको जानकारी दिएको छ । सार्वजनिक विवरण अनुसार मधेशका ८ जिल्ला सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा र रौतहटमा १७ हजार ८०० र पश्चिम नवलपरासीमा १ हजार ८८९ वटा उजुरी परेको ट । रुपन्देही र काठमाडौंमा ५/५ सय वटा उजुरी परेको छ ।

सरकारले मिटरब्याज पीडितको समस्या समाधानका लागि २० चैतमा गौरीबहादुर कार्कीको अध्यक्षतामा अनुचित लेनदेन मिटर ब्याजसम्बन्धी जाँचबुझ आयोग गठन गरेको थियो । जनकपुरधाममा मुख्यालय रहेको आयोगले पीडितबाट उजुरी संकलन र मेलमिलाप गराउँदै आएको छ ।

मिटरब्याजी साहु र पीडितबीच मेलमिलापलाई प्राथमिकता दिइएको छ । जिल्ला प्रशासन कार्यालयमा सहायक प्रमुख जिल्ला अधिकारी, सहायक सरकारी वकील र प्रहरी निरीक्षकसहितको कार्यदलमार्फत मिटरब्याजी र पीडितबीच मेलमिलाप गराइरहेको कार्कीले शनिबार विज्ञप्ति मार्फत जानकारी दिएका छन् ।

'पीडित र मिटरब्याजी बीच मेलमिलापबाट समस्या सुल्झिएमा दुवैबीच जितजितको अवस्था हुने र सामाजिक सद्भाव बढ्ने हुनाले शुरुमा मेलमिलाप गराएर समस्या समाधान गराउनेतिर आयोगले गृह मन्त्रालयको सहयोगमा जिल्ला प्रशासन कार्यालयबाट काम गराइ रहेको छ' अध्यक्ष कार्कीले भनेका छन् ।



पीडित र मिटरब्याजीबीच मेलमिलापबाट समस्या सुल्झिएमा दुवैबीच जितजितको अवस्था हुने र सामाजिक सद्भाव बढ्ने हुनाले शुरुमा मेलमिलाप गराएर समस्या समाधान गराउनेतिर आयोगले गृह मन्त्रालयको सहयोगमा जिल्ला प्रशासन कार्यालयबाट काम गराइ रहेको छ ।

■ **गौरीबहादुर कार्की**
**अध्यक्ष**
**मिटरब्याज पीडित जाँचबुझ आयोग**

अध्यक्ष कार्कीले ८ असारसम्म विभिन्न जिल्लामा ५६४ वटा निवेदनमा मिटरब्याजी र पीडितबीच मेलमिलाप भएको बताए । मेलमिलाप हुँदा साहुको नाममा राजीनामा पास भएको जग्गा पनि फिर्ता भएको र केही साहुले अदालतबाट फैसला भइसकेका जग्गा र बढी असूल गरिसकेको ब्याजपनि स्वेच्छाले फिर्ता गरेको कार्कीले जानकारी दिएका छन् ।

जाँचबुझ आयोगमा निवेदन दिएपछि ऋण तिर्न पर्दैन भन्ने अफबाहले पनि केही निवेदन परेको छ । बीसौं बर्ष अगाडि जग्गा बेचेकोमा पनि मोल बढेकाले फिर्ता गराउन सकिन्छ की भनी निवेदन दिएको पनि पाइएको छ । राजधानी र शहरी क्षेत्रमा ब्यापार गर्न लगायत करोडौं रकमको लेनदेनलाइ पनि ऋण तिर्नु पर्दैन की भनी मिटरब्याजको नाममा उजुर दिएको पाइएको छ ।

५ असारसम्म केही पीडित ऋणीले ३ करोड ४२ लाख ऋण लिएकोमा साहुहरुले ७ करोड ३८ लाख ७६ हजार रुपैयाँ माग गरेको पाइएको छ । दुइ पक्षबीच छलफल र वार्ताबाट ब्याजसमेत गरी ३ करोड ९२ लाख ७४ हजारमा दुवै पक्ष सहमत भएर फछ्र्यौट भएको छ ।

## वैदेशिक रोजगार विशेष

# मलेसियामा घरेलु कामदारबारे आईएलओको चासो

**मध्यान्ह संवाददाता**
क्वालालम्पुर, ९ असार ।

संस्थागत कामदारको अवस्थामा व्यापक सुधार भएपनि मलेसियामा घरेलु कामदारको अवस्था जोखिमको अवस्थामा रहेको अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)ले बताएको छ ।

अन्तर्राष्ट्रिय आप्रवासी कामदारको हक अधिकारका पक्षमा नीति निर्माण र पैरवी गर्दै आएको उक्त संस्थाले मलेसियाको घरपरिवारमा कार्यरत आप्रवासी कामदारमध्ये झण्डै एक तिहाइले जबरजस्ती श्रमको परिस्थितिमा काम गरिरहेको बताएको छ । हालै गरिएको एक सर्वेक्षण उद्धृत गर्दै आईएलओले निरन्तर अत्यधिक घण्टा काम गर्नुपर्ने, ओभरटाइमबापत ज्याला नदिने, तोकिएको ज्यालामा पनि कम दिने, आवागमनमा प्रतिबन्धजस्ता समस्या रहेको जनाएको छ ।

प्राय: घरेलु कामदारहरूलाई सामान्यतया खाना पकाउने, सरसफाइ, बाल हेरचाह, निजी सवारी चालक, पंक्षी संरक्षक र बगैंचा हेरचाहजस्ता घरेलु काममा लगाउने गरिएको छ । मलेसियाले नेपालबाट समेत घरेलु कामदार लैजान चाहेको छ । तर नेपालले सहमति जनाएको छैन ।

आईएलओले घरेलु कामदारहरूको भूमिका महत्वपूर्ण रहेको भन्दै मलेसिया, सिंगापुर र थाइल्याण्डलाई घरेलु कामदार र जबरजस्ती श्रमसम्बन्धी राष्ट्रसंघीय महासन्धिहरू अनुमोदन गर्न, घरेलु कामको दक्ष प्रकृतिको पहिचान गर्न र कामदारहरूलाई आफ्नो रोजगारदातासँग बाँधिएको आप्रवासन मार्गहरू सुनिश्चित गर्न आग्रह गरेको छ ।

### वैदेशिक रोजगारसँग सम्बन्धित संस्थाहरुको नवीकरण शुरु

**काठमाडौं/मस–** आर्थिक वर्षको समाप्तिसँगै वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारसँग सम्बन्धित सबै संस्थाको नवीकरण शुरू गरेको छ । शुरूवातमा म्यानपावर कम्पनीको नवीकरण प्रक्रिया शुरू गरेको विभागले घरेलु कामदार तालिम प्रदायक, केयर गिभर तालिम प्रदायक र सीपमूलक तालिम प्रदायक संस्थाहरूलाई नवीकरणका लागि आह्वान गरेको छ ।

विभागले सूचना जारी गर्दै घरेलु कामदार तालिम प्रदायक संस्थाहरूलाई नवीकरणका लागि आह्वान गरेको छ । विभागले घरेलु कामदार तालिम प्रदायक संस्थाहरूलाई निवेदनका साथमा नवीकरण दस्तुर तिरेको रसिदसहित अघिल्लो वर्षको प्रगति प्रतिवेदन, संस्थाको भौतिक वित्तीय तथा जनशक्तिको विवरण, आर्थिक वर्ष २०७८/०८९ को करचुक्ता, अघिल्लो वर्ष तालिम प्रदान गरेको लैङ्गिक विवरण खुल्ने प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, मन्त्रालय र >>> पृष्ठ २ मा

# नेपालको विश्वकप सपना अधुरै

शनिबार नेदरल्यान्ड्ससँगको खेल नेपालले जितेको भए सुपर सिक्समा जाने सम्भावना जीवितै रहने थियो । तर नेदरल्यान्ड्ससँग ७ विकेटले पराजित हुन पुग्यो । योसँगै नेपाल समूह चरणबाटै बाहिरिएको छ ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ९ असार ।

नेपालको विश्वकप क्रिकेट खेल्ने सपना यस पटकका लागि अधुरै रहने भएको छ । जिम्बावेमा जारी आईसीसी एकदिवसीय विश्वकप छनोट प्रतियोगितामा शनिवार नेपाल नेदरल्यान्ड्ससँग पराजित भएको छ । टाकासिंगा स्पोर्टस् क्लबमा नेदरल्यान्ड्ससँग ७ विकेटले पराजित हुँदै नेपाल समूह चरणबाटै बाहिरिएको छ । यो सँगै नेपालको विश्वकप खेल्ने सपना समाप्त भएको हो । शनिवार नेदरल्यान्ड्ससँगको खेल नेपालले जितेको भए सुपर सिक्समा जाने सम्भावना जिवितै रहने थियो ।



नेपालले दिएको १ सय ६८ रनको लक्ष्य नेदरल्यान्ड्सले २७ दशमलब १ ओभरमा ३ विकेट गुमाएर पूरा गऱ्यो । नेदरल्यान्ड्सको जितमा ओपनर म्याक्स ओ डाउडले ९० रनको अर्धशतकीय इनिङ खेले । अर्का ओपनर विक्रमजित सिंहले ३० रन बनाए । यस्तै बास डि लिडाले अविजित ४१ रन बनाए । नेपालका लागि सन्दीप लामिछानेले २ तथा गुलसन झाले १ विकेट लिएका थिए ।

त्यसअघि पहिले टस हारेर ब्याटिङ गरेको नेपाल ४४ दशमलब ३ ओभरमा १ सय ६७ रन बनाउँदै अलआउट भएको थियो । नेपालका लागि कप्तान रोहित पौडेलले सर्वाधिक ३३ रन बनाए । सन्दीप लामिछानेले २७ रन बनाए । ओपनर कुशल भुर्तेलले २७ रन बनाए । भीम सार्कीले २२ रन बनाए भने दीपेन्द्रसिंह ऐरीले १४ तथा कुशल मल्लले १२ रन बनाए । नेपालका ओपनर आसिफ शेख शून्य रनमा आउट भएका थिए ।

नेदरल्यान्ड्सका लागि लगन भान विकले ४ तथा बास डि लिड र विक्रमजित सिंहले समान २-२ विकेट >>> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१० असार २०८०, आइतबार
25 June 2023, Sunday

# चुनावमा अन्तर्घात गरेको भन्दै जसपाका पाँच केन्द्रीय सदस्य निष्कासित




**काठमाडौं/मस**–जनता समाजवादी पार्टी (जसपा) नेपालले पार्टीका पाँच जना केन्द्रीय सदस्यलाई पार्टीबाट निष्कासन गर्ने निर्णय गरेको छ। शनिबार बसेको केन्द्रीय समितिको बैठकले विसं २०७९ मंसिरमा सम्पन्न भएको निर्वाचनमा अन्तर्घात गर्ने पार्टीका केन्द्रीय सदस्य दीपेन्द्र नेम्वाङ, देउकुमार नेम्वाङ, महेन्द्र चौधरी, मनोरञ्जन गोइत र धर्मेन्द्र मरवैतालाई पार्टी सदस्यबाट निष्कासन गर्ने निर्णय गरेको हो।

पार्टीका केन्द्रीय प्रचार विभाग प्रमुख पूर्ण बस्नेतका अनुसार छानबिन समितिको प्रतिवेदनको सिफारिसअनुसार पाँच जनलाई पार्टीबाट निष्कासन गरिनुका साथै पार्टीका केही केन्द्रीय नेताहरूलाई नसिहत दिने निर्णय भएको छ। कारवाहीको निर्णयउपर चित्त नबुझेमा सम्बन्धित व्यक्तिले १५ दिनभित्र पार्टीको अनुशासन आयोगमा निवेदन दिनसक्ने सो पार्टीले जनाएको छ।

यसैगरी शनिबारको बैठकले विधानको मस्यौदालाई अनुमोदन गरेको छ। उक्त अनुमोदित विधानको मस्यौदा आइतबारदेखि शुरु हुने विधान अधिवेशनमा प्रस्तुत हुने जनाइएको छ। सशस्त्र जनयुद्ध, जनआन्दोलन र मधेस जनविद्रोहजस्ता राजनीतिक संघर्ष र आन्दोलनबाट प्राप्त उपलब्धिको रक्षार्थ गठित पार्टी सम्बद्ध समाजवादी मोर्चालाई पार्टीको केन्द्रीय समितिको बैठकले अनुमोदन गरेको केन्द्रीय प्रचार विभाग प्रमुख बस्नेतले बताए।

केन्द्रीय कार्यकारिणी समिति र राजनीतिक समितिका बैठकले गरेका यसअघिका निर्णयलाई समेत शनिबारको बैठकले अनुमोदन गरेको जनाइएको छ। आइतबारको बैठकमा केन्द्रीय समितिका चार सय २३ सदस्य साथै प्रदेश समिति, राष्ट्रिय समिति, विषेश प्रदेश समिति, जिल्ला समिति, महानगर, भातृ संगठन तथा केन्द्रीय समितिबाट मानोनित हुने १० जना सहित सात सय ७८ प्रतिनिधि सहभागी हुने सो पार्टीले जनाएको छ। यसरी सहभागी भएका प्रतिनिधिलाई ११ वटा समूहमा विभाजन गरेर विधानमाथि छलफल हुने जनाइएको छ।

# भक्तपुरमा १ सय २० वटा मानव अधिकार हननका घटना



**भक्तपुर/मस**– भक्तपुर जिल्लामा ६ महिनाको अवधिमा १ सय २० वटा मानव अधिकार हननका घटना घटेको पाइएको छ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले जिल्ला समन्वय समिति भक्तपुरको सभाहलमा आयोजना गरेको अर्धवार्षिक पूर्व समीक्षा कार्यक्रममा २०२३ जनवरीदेखि जुनसम्म भक्तपुरमा भएका मानव अधिकार हननका घटनाको सार्वजनिक गर्दै यस्तो जानकारी दिएको हो। इन्सेक भक्तपुर प्रतिनिधि रमेश गिरीले ६ महिनाको अवधिमा एक जनाको हत्या, चार जनाको हत्या प्रयास, २१ जनाको बलात्कार, २ जना बलात्कार प्रयास, बाल यौन दुर्व्यवहारबाट ५ जना र बहुविवाहबाट २ जना पीडित भएको बताए।

त्यस्तै अभद्र व्यवहारबाट ५१ जना महिला, घरेलु हिंसाबाट ३२ जना महिला, आत्महत्या दुरुत्सानमा २ जना पीडित भएका छन्। जिल्ला समन्वय समिति भक्तपुरका प्रमुख इश्वर थापाले राज्य आफैले नयाँ प्रकृतिको हिंसा गर्दै गइरहेको र राज्य नै नीतिगत हिंसाको लागेको बताए।

उनले इन्सेकले मानव अधिकारको क्षेत्रको अन्वेषणको दायरालाई फराकिलो पार्नुपर्ने बताउँदै भने, 'राज्यनै हिंसा गर्दैछ, राज्य प्राकृतिक दोहण गर्दै मानवीय संकट निम्त्याउदै छ, मंहगी बढाएर बाँच्न मुश्किल बनाउदैछ, यस्ता अधिकारका विषयलाई पनि इन्सेकले मानव अधिकार भित्र समेटेर लैजानु पर्छ।'

भक्तपुरका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालले मानव अधिकार आयोग गठन नहुँदै इन्सेकले मानव अधिकारका यथार्थ विवरण राष्ट्रिय र अन्तर ाष्ट्रियस्तरमा पुऱ्याउँदै आएको चर्चा गरे।

शान्ति सुरक्षा र मानव अधिकारको रक्षा गर्न प्रहरी र प्रशासनलाई समुदायका प्रत्येक नागरिक बिना पोशाकका प्रहरीको भूमिका निर्वाह गर्ने र राजनीतिक दलले आफ्ना प्रत्येक युवा कार्यकर्तालाई यसबारेमा सचेना जगाउन आवश्यक रहेको उनले बताए। जिल्ला प्रहरी परिसर भक्तपुरका डिएसपी बसन्त पाठकले साइबर काइम र लागुऔषधका कारण अपराध बढाइरहेको बताउँदै मानव अधिकार हनन हुन नदिन प्रहरी संवेदनशिल रहेकाले समुदायसँग साझेदारी गर्दै यस्ता घट्नाको नियन्त्रणमा प्रहरी लागिरहेको बताए।

कार्यक्रममा नेपाल बार एशोसियन भक्तपुरका अध्यक्ष रविन्द्र प्रधान, मानव अधिकारकर्मी युवराज घिमिरे, गैसस भक्तपुरका उपाध्यक्ष एवं सिविसका महासचिव अनिता पाण्डे, पत्रकार महासंघ भक्तपरका अध्यक्ष जगत प्रजापति, मानव अधिकार एलाइन्सका अध्यक्ष पुरुषोत्तम श्रेष्ठलगायतले इन्सेकले मानव अधिकारका घटनाको अवस्थाको तथ्यांक संकलन र राज्यलाई सुझाव दिने विषयमा दायरा फराकिलो पार्दै जानुपर्नेमा जोड दिएका थिए।

# कर्मचारी कटौती गर्दै मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान




**बागमती/मस**–आर्थिक अभाव भएको भन्दै हेटौंडामा सञ्चालित मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले प्राविधिक चिकित्सकसहित एकसय ४४ प्राविधिक र प्रशासनिक कर्मचारी कटौती गर्ने निर्णय गरेको छ।

प्रतिष्ठानको कार्यकारी परीषद्को बैठकले बजेट अभावका कारण आगामी आर्थिक वर्षमा तलव र भता वितरण गर्न नसक्ने भन्दै चालु आवमा नियुक्त गरिएका कर्मचारी हटाउने निर्णय गरेको हो।

प्रतिष्ठान र हेटौंडा अस्पतालका लागि सङ्घीय र प्रदेश सरकारले चालु आवको तुलनामा आगामी आर्थिक वर्षमा कम बजेट विनियोजन भएकाले तलब र भत्ता वितरणमा समस्या हुने भएको प्रतिष्ठानका रजिष्ट्रार राजेश प्रसाईंले बताए।

प्रदेश सरकारले चालु आवको तुलनामा आगामी आर्थिक वर्षका लागि प्रतिष्ठानको रु सात करोड १९ लाख बजेट कम अर्थात रु १२ करोड ३२ लाख बजेट विनियोजन गरेको छ।

कटौती हुनेमा एमबीबीएस डाक्टर १५ जना, आर्युवेद चिकित्सक एक, फार्मासिस्ट, रेडियोलोजिस्ट, ल्याव टेकनिसियनलगायत प्रविधिक कर्मचारीगरी एक सय तीन जना र प्रशासनमा २५ कर्मचारी छन्। साथै सरसफाइमा कार्यरत ३५ र सुरक्षातर्फ खटाइएका २५ कर्मचार पनि कटौती गरिने भएको छ।

## चट्याङ लागेर दुई जनाको मृत्यु, ४५ भेडा मरे



**काठमाडौं/मस**– दाङ र म्यादीमा चट्याङ लाग्दा दुई जनाको मृत्यु भएको छ भने ४५ भेडा मरेका छन्।

इलाका प्रहरी कार्यालय तुलसीपुरका प्रहरी निरीक्षक नवराज केसीका अनुसार फरक-फरक ठाउँमा चट्याङ पर्दा दंगीशरण गाउँपालिकाका दुई जनाको मृत्यु भएको छ।

उनका अनुसार दंगीशरण-३ चखौरा बस्ने ३७ वर्षीय रामनारायण चौधरी र दंगीशरण-६ निवासी ३२ वर्षीय समिर केसीको मृत्यु भएको हो। चौधरीले आफ्नै बारीमा तरकारी टिपेर फर्किने क्रममा दंगीशरण-६ स्थित गोरु बाँध्न बनाएको छाप्रोमा ओत लागिरहेको अवस्थामा शनिबार साँझ साढे ६ बजेतिर चट्याङ लागेको हो।

त्यस्तै केसीलाई अपराह्न ५ बजेतिर बागरस्थित खेतबाट घाँस लिँदै गरेको अवस्थामा चट्याङले लागेको थियो। उनीहरू दुवै जनाको राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा उपचारका क्रममा मृत्यु भएको हो।

चट्याङ लागेर ४५ भेडा मरे

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ फुर्केरुख खर्कमा चट्याङ लागेर ४५ भेडा मरेका छन्। अन्नपूर्ण-३ ठाडाका छकबहादुर पुनको गोठमा चट्याङ परेर भेडा मरेका हुन्। अन्नपूर्ण गाउँपालिकाको पशु सेवा शाखाका प्राविधिक प्रकाश जिसीले शनिबार बिहान १ बजेतिर परेको चट्याङले लागेर ४५ भेडा मरेका जानकारी दिए।

गाउँपालिकाका जनप्रतिनिधि, प्रहरी र जनप्रतिनिधिको टोली घटनास्थल पुगेका छन्। अन्नपूर्ण गाउँपालिका-४ का वडासदस्य श्याम पुर्जाले चट्याङ लाखौँको पशुधनको क्षति भएको बताए। ११ लाखभन्दा बढीको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ।

## ड्रागन बोट रेस

# चीनको सिचुवान च्याम्पियन नेपाली टोली उपविजेता



**कास्की/मस**-पोखरामा आयोजना गरिएको नेपाल-चीन मैत्रीपूर्ण 'ड्रागन बोट रेस' प्रतियोगितामा नेपाली टोली उपविजेतामा सीमित भएको छ। फेवातालमा यही जेठ ८ देखि शुरु बोट रेसको शनिबार सम्पन्न फाइनलमा चीनको सिचुवान ड्रागन बोर्ट टिमले दुई सय र पाँच सय मिटरको दुवै विधामा च्याम्पियन बन्न सफल भएको छ।

नेपाली टिम 'नारा ड्रागन बोट टिम'ले दुवै विधामा उपविजेता हुन सफल भएको छ। च्याम्पियन बनेको सिचुवान ड्रागन बोट टिमले दुवै इभेन्टमा गरी पाँच लाख ५० हजारका दरले ११ लाख रुपैयाँ नगद पुरस्कारसहित उपाधि हात पार्न सफल भएको छ।

यसैगरी उपविजेता नेपाली टोली नारा ड्रागन बोट टिमले दुवै इभेन्टमा गरी सात लाख रुपैयाँ नगद पुरस्कार पायो। सिचुवानले पाँच सय मिटरको दूरी दुई मिनेट २० सेकेन्डमा पूरा गर्न सफल भएको छ। यसैगरी दुई सय मिटरको दौड ५३ सेकेन्डमा पार गर्दै दोहोरो उपाधि जित्न सफल भएको छ।

नेपाली टिम नाराले भने पाँच सय मिटरको दूरी दुई मिनेट २३ सेकेन्डमा पूरा गर्न सफल भयो। यसैगरी दुई सय मिटरको दूरी भने ५६ सेकेन्डमा पार गर्दै उपविजेता भएको हो। ड्रागन बोट रेसमा चीनको तीन, नेपालको चार र सिङ्गापुरको एक टोलीले उपाधिका लागि प्रतिस्पर्धा गरेका थिए। चीनको युनान प्रान्तको युनान ड्रागन बोट टोली दुवै विधामा तृतीय हुन सफल भयो।

नेपालको नेपाल क्याफ्टिङ एन्ड क्यानोइङ एशोसिइएसन (एनआरसीए) चौथो भएको छ। प्रतियोगितामा सहभागी सबै टिमलाई जनही रु एक-एक लाख प्रोत्साहन पुरस्कार प्रदान गरिएको थियो।

प्रतियोगिताका विजेता खेलाडीलाई राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, संस्कृति पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री सुशीला सिर्पाली, नेपालस्थित चिनियाँ राजदूत छन् सोङ, पोखरा महानगर प्रमुख धनराज आचार्यलगायतले पुरस्कार वितरण गरेका थिए।

नेपाल पर्यटन बोर्ड, नेपालस्थित चिनियाँ दूतावास र पोखरा महानगरपालिकाको आयोजनामा बोट रेस तथा महोत्सव आयोजना गरिएको हो। पोखरा पर्यटन परिषद् र चाइनिज ओभरसिज एशोसिएसन पोखरा फेस्टिभलको सहयोगी संस्थाका रूपमा थिए।

### सरकार...

पटक प्रधानमन्त्री नबनाए गठबन्धन बदल्ने भनी शेरबहादुर देउवालाई चेतावनी दिएका थिए। उक्त चेतावनीको विषय देउवाले एमाले अध्यक्ष ओली समक्ष पुऱ्याए। ओलीले देउवालाई प्रधानमन्त्री बनाउने बचन दिएका थिए। ओलीलाई विश्वास गरेर देउवाले प्रचण्डलाई प्रधानमन्त्री नछोड्ने बताएपछि बाहिरिएका प्रचण्डलाई ओलीले गत पुस १० गते प्रधानमन्त्रीमा समर्थन गरेका थिए। छोटो समयमै फेरि एमाले र कांग्रेसका नेताहरुका बीचमा दुई दल मिलेर सरकार बनाउने प्रयास सम्बन्धी छलफल चलेको भएपनि एमाले अध्यक्ष ओली र कांग्रेस सभापति देउवाका बीचमा सरकार बनाएर अगाडि जाने हदसम्मको विश्वासको अवस्था बनिसकेको छैन्। वर्तमान गठबन्धनबाटै देउवा अर्को वर्ष प्रधानमन्त्री हुने भएकाले पनि गठबन्धन फेरिरहनुपर्ने बाध्यता रहेको वा नरहेको विषयमा मिहिन ढंगले छलफल हुनुपर्ने मत कांग्रेसभित्रै समेत रहेको नेताहरु बताउँछन्।

### वैदेशिक...

विभागबाट अनुगमन भएको मिति र दिइएका सुझाव कार्यान्वयनको अवस्था तथा कम्पनी रजिस्ट्रार कार्यालयबाट अध्यावधिक तथा अघिल्लो वर्षको नवीकरण प्रमाणपत्रको प्रतिलिपि सम्बन्धित संस्थाको सञ्चालकबाट प्रमाणित भएको हुनुपर्ने बताएको छ।

त्यस्तै केयर गिभर तालिम प्रदायक संस्थालाई नवीकरणको निवेदनका साथमा नवीकरण दस्तुरसहित अघिल्लो वर्षका प्रगति विवरण, संस्थाको भौतिक वित्तीय तथा जनशक्तिको विवरण, आर्थिक वर्ष २०७८/०८९ को करचुक्ता, अघिल्लो वर्ष तालिम प्रदान गरेको लैङ्गिक विवरणसहितको प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, मन्त्रालय र विभागबाट अनुगमन भएको मिति र दिइएका सुझाव कार्यान्वयनको अवस्था, कम्पनी अध्यावधिक तथा अघिल्लो वर्षको नवीकरण प्रमाणपत्रको प्रतिलिपि सम्बन्धित संस्थाको सञ्चालकबाट प्रमाणित भएको हुनुपर्ने बताएको छ।

त्यसैगरी विभागले सीपमूलक तालिम प्रदायक संस्थालाई पनि नवीकरण आह्वान गरेको छ। सीपमूलक तालिम प्रदायक संस्थाहरूले नवीकरणका लागि निवेदनका साथमा कम्पनी दर्ता प्रमाणपत्र, आर्थिक वर्ष २०७८/०८९ को लेखापरीक्षण तथा करचुक्ता प्रतिवेदन, अघिल्लो वर्ष तालिम प्रदान गरेको विवरण, संस्था दर्ताको अनुमति पाएको अनुमतिपत्र, अनुमतिपत्र लिने सम्बन्धमा पेस भएका प्रशिक्षक वा पछि प्रशिक्षक परिवर्तन भएको भए परिवर्तन भएको प्रशिक्षकको शैक्षिक योग्यतासहितको विवरण, घर भाडामा कार्यालय लिएको कम्तीमा दुई वर्षका लागि गरेको सम्झौतापत्रको प्रतिलिपि र संस्थाको शेयर बिक्री भएको भए त्यसको विवरण सम्बन्धित संस्थाको सञ्चालकबाट प्रमाणित भएको हुनुपर्ने बताएको छ।

### नेपालको...

लिए। क्लेटन प्लोयट र आर्यान दत्तले समान १-१ विकेट लिए।

जितसँगै नेदरल्यान्ड्स भने सुपर सिक्सका लागि छनोट भएको छ। सुपर सिक्समा प्रवेश गरेको नेदरल्यान्ड्सको एकदिवसीय विश्वकपमा छनोटको सम्भावनासमेत जीवित रहेको छ। समूह ए बाट वेस्टइन्डिज र जिम्बावे पनि सुपर सिक्समा पुगेका छन्।

नेपाल पहिलो खेलमा जिम्बावेसँग ८ विकेटले पराजित भएको थियो। दोस्रो खेलमा नेपालले अमेरिकालाई ६ विकेटले हराएको थियो भने तेस्रो खेलमा वेस्टइन्डिजसँग १ सय १ रनको फराकिलो हार व्यहोरेको थियो।

नेपालले अब ७ औं देखि १० औं स्थानसम्मका लागि प्लेअफ खेल्नेछ। प्लेअफमा नेपालले समूह बी को पुछारको टोलीसँग खेल्नेछ।

# नेपालगञ्ज उपमहानगरको बजेट एक अर्ब ६७ करोड




**नेपालगन्ज/मस**–नेपालगञ्ज उपमहानगरपालिकाले सामूहिक बस्ती विकास गर्ने योजना अघि सारेको छ। बसोबासलाई व्यवस्थित गर्न रिङरोडको विकाससँगै आसपासका जग्गाको 'ल्यान्डपुलिङ'मार्फत जग्गा विकास गर्ने योजना उपमहानगरको छ।

उपमहानगरपालिकाको १३औं नगरसभामा शनिबार नीति तथा कार्यक्रम प्रस्तुत गर्दै प्रमुख प्रशान्त विष्टले नगर विकासलाई विशेष प्राथमिकता दिएको बताए। वर्षाको समयमा हुने डुबान कम गर्नका लागि नालीको प्रभावकारीरूपमा सरसफाइ तथा व्यवस्थापन गर्ने र नेपालगन्जको ऐतिहासिक कला, संस्कृति झल्किने गरी नयाँ योजना ल्याइने नीति कार्यक्रममा उल्लेख छ।

आधुनिक प्रविधिको प्रयोग गरी कागजको प्रयोग घटाउँदै लगिने र नागरिकका लागि सहज अनलाइन सेवाको विकास गर्नुका साथै 'डिजिटलाइज्ड' सेवा प्रदान गर्ने विषयलाई समेत प्राथमिकतामा राखिएको छ।

नगरप्रमुख विष्टले आगामी आवमा शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास, सुशासन प्रवर्द्धनलाई प्राथमिकता दिइएको बताए। नीति तथा कार्यक्रममा विद्यालयलाई सूचना प्रविधिमैत्री बनाउने, गुणस्तरीय शिक्षामा जोड, स्थानीय पाठ्यक्रम कार्यान्वयन, निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन गर्ने, योगमैत्री नगर बनाउने, पाँच वर्षभित्र क्षयरोगमुक्त उपमहानगर घोषणा गर्ने, जमुनाहानाकामा हेल्थडेस्क सञ्चालन गरी सरुवाजन्य रोगको रोकथाम, निगरानी र व्यवस्थापन गर्ने, राँझा विमानस्थललाई अन्तर्राष्ट्रिय विमानस्थल बनाउन आवश्यक पहल गर्ने उल्लेख छ।

नीति तथा कार्यक्रममा आगामी दुई वर्षभित्र १५ शय्याको आधारभूत अस्पताल सञ्चालनका लागि प्रदेश तथा सङ्घीय सरकारसँग पहल गर्ने, ६० वर्ष पुगेका स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन एवं सम्मानसहित बिदाइ गरिने, प्लास्टिकका झोलाको प्रयोगलाई न्यूनीकरण गर्ने, हरित नेपालगन्ज बनाउन सडकको दायाँबायाँ बिरुवा रोप्ने, श्रम सूचना बैंक स्थापना, रोजगार मेला सञ्चालन गर्ने, रोजगारी सिर्जना गर्ने, सहकारीको निरन्तर अनुगमन गरी नियमनको दायराभित्र ल्याइने, हामी सुधार्छौं हाम्रो सहकारी भन्ने विशेष अभियानमा सम्पूर्ण सहकारीकर्मीलाई सामेल गराई सहकारीप्रतिको विद्यमान गुम्दो जनविश्वासलाई रोक्दै लैजानेसमेत नीति कार्यक्रममा उल्लेख छ।

उपप्रमुख राईले आगामी आव २०८०/८१ का लागि रु एक अर्ब ६७ करोड ५६ लाख एक हजार पाँच सय ८७ अनुमानित आयव्यय विवरणसहितको बजेट नगरसभामा प्रस्तुत गर्नुभयो। सो बजेट चालु आवको भन्दा रु चार करोडले बढी हो। चालु आवका लागि एक अर्ब ६३ करोड ६५ लाख ७२ हजार चार सयको अनुमानित बजेट प्रस्तुत गरिएको थियो। संघीय तथा प्रदेश सरकारबाट प्राप्त भएको आय अनुमान तथा आन्तरिक आयसमेतका आधारमा अनुमानित बजेट नगरसभामा प्रस्तुत गरिएको थियो।

सो अवसरमा राईले समग्र नगर विकासका लागि वडा कार्यालयसँगको सहकार्यलाई आत्मसात गर्दै चालु आवजस्तै आगामी आवका लागि पनि रु २५ करोडको सिलिङ उपलब्ध गराउने व्यवस्था गरेको उल्लेख गरे। नेपालगन्ज उपमहानगरपालिकाले आन्तरिक आय रु १८ करोड र राजस्व र अनुदान बचत मौज्दात रु २० करोड हुने अनुमान गरेको छ।

# नक्कली परीक्षार्थी पक्राउ




**गलकोट/मस**-सवारीचालक अनुमतीपत्रको प्रयोगात्मक परीक्षामा सहभागी नक्कली परिक्षार्थीलाई प्रहरीले शनिबार पक्राउ गरेको छ। यातयात व्यवस्था कार्यालय बागलुङले माझीबस्तीमा लिइरहेको ट्रायल सेन्टरमा परीक्षा दिन गएका सशस्त्र प्रहरी जवान गणेश कोहिरीलाई नक्कली परीक्षार्थी बनेको आरोपमा पक्राउ गरिएको हो। कोहीरीलाई सहायक हवल्दार विनोद नेपालीका नाममा परीक्षा दिँदै अवस्थामा पक्राउ गरिएको बागलुङका प्रहरी नायब उपरीक्षक तथा सूचना अधिकारी मदन केसीले जानकारी दिए।

नक्कली परीक्षार्थी बनेका कोइरी सशस्त्र प्रहरी बल रुपन्देहीमा कार्यरत छन् भने सशस्त्र प्रहरी बलको सहायक हवल्दार पदमा कार्यरत नेपाली कास्कीस्थित सशस्त्र बाहिनीमा कार्यरत छन्। प्रहरीले नेपालीलाई अनुसन्धका लागि बोलाउने तयारी भइरहेको केसीको भनाइ छ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१० असार २०८०, आइतबार
25 June 2023, Sunday

## सम्पादकीय

# अनुचित अभिव्यक्ति

प्रमुख सत्तारूढ दल नेपाली कांग्रेसका महामन्त्री गगन थापाले अहिलेको सत्ता गठबन्धनबाट चित्त नबुझे सरकार बदलिन सक्ने बताएका छन् । आफ्नो निर्वाचन क्षेत्र काठमाडौं–४ मा आयोजित एक कार्यक्रममा महामन्त्री थापाले अहिलेको गठबन्धनबाट चित्त नबुझे नयाँ सरकार बन्ने बताएका हुन् । उनले नयाँ सरकार बन्नु कुनै अनौठो कुरा नभएको पनि बताए । संसदीय अभ्यासमा सत्ता परिवर्तन नौलो कुरा होइन । तर त्यसलाई मुख्य सत्तारूढ दलका महामन्त्रीले सार्वजनिक रूपमै अभिव्यक्ति गर्नुलाई चासोका साथ हेर्न सकिन्छ । किनकि सत्तारूढ गठबन्धनकै अर्को दल नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले शुक्रबार मात्रै यस्तै सन्देश जानेगरी अभिव्यक्ति दिएका थिए । अध्यक्ष नेपालले अहिलेको सरकार परिवर्तन गर्न प्रमुख प्रतिपक्षी दलका अध्यक्ष केपी शर्मा ओली लागिपरेको बताएका थिए ।

पूर्वप्रधानमन्त्री नेपालले शुक्रबार दिएको अभिव्यक्ति पनि कांग्रेस महामन्त्री थापाकै जस्तो अर्थ र सन्देश जाने थियो । किनकि संसदीय अभ्यासमा प्रमुख विपक्षी दलले सरकार परिवर्तनको प्रयत्न गर्नु नौलो कुरा होइन । तर त्यसलाई सार्वजनिक अभिव्यक्तिका रूपमा प्रकट गरिनु नौलो कुरा हो । अझ माधव नेपाल अहिलेको सत्ता समीकरण निर्माणकै एक मुख्य नेता हुन् । यसअघि एमालेको समर्थनमा प्रधानमन्त्री बनेका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई सहमत गराएर कांग्रेस नेतृत्वको गठबन्धनमा लैजाने भूमिका माधव नेपालले खेलेका थिए । तिनै नेताले सार्वजनिक अभिव्यक्ति मार्फत् सरकारको खेल भइरहेको बताउनु अनि प्रमुख सत्तारूढ दल कांग्रेसभित्र संस्थापन इतर समूहका मुख्य नेता थापाले त्यसलाई बल पुग्नेगरी बोल्नुलाई चासोकै रूपमा लिन सकिन्छ ।

अझ अहिलेकै समयमा यस्तो अभिव्यक्ति आउनु निकै गम्भीर कुरा हो । किनकि आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेट संघीय संसदबाट पारित हुन बाँकी नै छ । अर्थमन्त्री प्रकाशशरण महतले गत १५ जेठमा प्रस्तुत गरेको बजेट पारित हुने बेला सरकार परिवर्तनकै संकेत हुनेगरी अभिव्यक्ति दिनु उचित होइन । तर विपक्षी दल भन्दा अगाडि बढेर सत्तारूढ नेताहरूले सरकार परिवर्तनको हल्लालाई सहयोग पुग्नेगरी सार्वजनिक अभिव्यक्ति दिदा प्रधानमन्त्रीसँग बलियो नैतिक शक्ति बाँकी रहदैन । त्यसले सरकारलाई कमजोर बनाउँछ भने सरकार परिवर्तनमा रमाउने शक्तिहरूलाई सजिलो पर्छ । त्यसको नोक्सानी भने मुलुकका निम्ति पर्नेछ । त्यसैले सरकार परिवर्तन नै गर्ने हो भने पनि त्यसको औचित्य स्थापित गर्नु उचित हुन्छ, कुनै नेताको चित्तका आधारमा यस्तो खेल गरिनु हुन्न ।

# महिला मुक्तिको सवाल

*मार्क्सवादी विचारले प्रभावित महिलाहरूले पुँजीवादी विचारद्वारा प्रभावित लिङ्गवादी महिलाहरूलेजस्तो महिला विमर्शको कुरा गर्नु जायज हुँदैन । त्यस्तो विभ्रमयुक्त महिला विमर्शबाट मुक्त भएर मात्रै वास्तविक महिला मुक्तिको छलफल र विमर्शलाई अघि बढाउन सकिन्छ भन्ने कुरा बुझ्नुपर्दछ ।*

अग्रलेख



● सरस्वती मोहोरा

महिला मुक्तिको सवालमा विचारमा प्रष्ट हुने कुरा, आधारभूतरूपले सबैभन्दा पहिलो र सबैभन्दा महत्वपूर्ण कुरा हो । नारीवादीहरूले नारीवादी ढंगले कुरा गर्नु ठिकै हो तर मार्क्सवादी विचारले प्रभावित हुनेहरूले पनि महिला विमर्शलाई केवल सुविधाभोगी वर्गका महिलाहरूले रूचि राख्ने ‘ लिङ्ग विमर्श’मा मात्र आफुलाई सिमित राख्नु बेठिक हुन्छ । त्यसरी नै विरोध गरेपनि सुविधाभोगी वर्गका महिलाहरूको विरोधसम्म मात्रै विरोधलाई पनि सिमित राख्ने कुरा ठिक होइन नै । महिला हिंसाका सवालमा सबै पुरुषहरूलाई एकैचोटी सोलोडोलो दोषी देख्ने ट्रेन्ड/प्रवृति पुरुषवादको बायप्रडक्टबाट हुर्किएको नारीवादकै एक्स्ट्रिम् परूषविरोधी मानसिकता नै हो । जसको रूचिको विषय ‘महिला मुक्तिको विचार’, त्यसमा पनि निम्न वर्गीय सर्वहारा महिला वर्गको विचार त धेरै टाढाको कुरा हो । उनीहरूको रूचिको विषय भनेको ‘लिङ्ग’ र त्यो पनि ‘यौनमा मात्र केन्द्रित’, अथवा सोझै भन्नुपर्दा ‘योनी र लिङ्ग केन्द्रित’ अथवा अझै स्पष्ट भन्नुपर्दा महिलालाई ‘योनी’ मात्रै देख्ने र पुरुषलाई ‘लिङ्ग’ मात्र देख्ने बजार अर्थशास्त्र र अर्थतन्त्र प्रभावित उत्तराधुनिकतावादी विचार र विमर्श हो ।



वर्तमान बजारमुखी बजार केन्द्रित अर्थ सांस्कृतिक उत्तरआधुनिक परम्परा र परिपाटीद्वारा पोषित महिला मुक्तिका त्यस्ता हिमायतीहरूले बढो शानदार, दमदार र ‘र्‍याडिकल’ ढंगमा प्रस्तुत हुने तर, वैचारिक रूपले भने पुँजीवादी ‘नकारवाद’लाई हुर्काइरहेका छन् । त्यस्ताहरूले सर्वहारा महिलाहरूको मुक्तिको पक्षमा मार्क्सले कत्ति भूमिका निभाए वा निभाउन सकेनन् भन्ने महिला मुक्तिको मुख्य विचार केन्द्रित सैद्धान्तिक सवालसित भने सरोकार राख्दैनन् । तिनको सरोकार मार्क्स बलात्कारी हुन् कि होइनन् भन्ने बजार प्रायोजित र नियोजित हल्लाबोल् कुराहरुमा चाख लिनु मात्रै हुँदैछ । मार्क्सको विचारसित होइन कि मार्क्सको पुरूष हुनु र पुरुषको लिङ्ग हुने कुरासित मात्र त्यस्ताहरूलाई चासो र चिन्ता हुने देखिन्छ ।

सर्वहारा वर्ग, सर्वहारा वर्गको महिलाहरू जो साच्चै नै ‘निम्न वर्ग’ भएकैले नै पीडित छन् र जसलाई सबैभन्दा बढी मुक्ति चाहिएको छ र जसले नै अन्ततः संघर्षको नेतृत्व पनि ढिलो चाँडो गर्ने नै छन्, ती सर्वहारा श्रमजीवि महिलाहरू, उनीहरूको अवस्था, उनीहरूको संघर्ष, उनीहरूको चेतना लिङ्गवादी महिलावादीहरूका महिला विमर्शभित्र अटाउँदैनन् । उनीहरूको अचम्मैको गम्भीर देखिने र भनिने महिला विमर्शहरूले सर्वहारा वर्गका महिलाहरूको दृष्टिकोण, संघर्ष र चेतनासित होइन कि बरू सारा समस्याको जड पुरूषको लिङ्गमा छ भनेजस्तो योनी र लिङ्गको विमर्शसम्म ती विमर्शहरू सिमित र केन्द्रित हुन्छन् । बिडम्बनाको कुरा के छ भने मार्क्सवादी विचारबाट प्रभावित भनिनेहरूले पनि यस्तै विमर्शहरूमा, त्यस्तै ढप र परिपाटीहरूमा महिला मुक्तिको कुरालाई उठाउनु बढो दुःखद देखिन्छ । यसो हुनु भनेको महिला मुक्तिको दृष्टिकोणको वैचारिक दुर्बलता हो भने बढो भद्दारूपमा त्यो सर्वहारावादी विचार र दृष्टिकोणको बिद्रुपीकरण र पुँजीवादी भ्रष्टीकरण पनि हो । यो मार्क्सवादी महिला मुक्तिको दृष्टिकोणलाई सतहीरूपमा बुझ्ने समस्या पनि हो । यो महिला विमर्श र महिला मुक्तिको नाममा मार्क्सवादी विचार दृष्टिकोणभित्र जबरजस्ती पूँजीवादी विचार र दृष्टिकोणको घुसपैठ पनि हो ।

महिलाहरूको कुरा गर्दा, महिला छुट्टै लिङ्ग भएको हुनाले स्वाभाविकरूपमा महिलासित यौनको कुरा पनि जोडिएर नै आउँदछ । तर त्यसो भन्दैमा महिला समस्यालाई हेर्ने यौन केन्द्रित वा यौनवादी दृष्टिकोण भने ठिक होइन । त्यो पूँजीवादी महिलावादीहरूको लिङ्गवादी, यौनवादी दृष्टिकोण र सोंच हो ।

> *सर्वहारा वर्ग, सर्वहारा वर्गको महिलाहरु जो साच्चै नै ‘निम्न वर्ग’ भएकैले नै पीडित छन् र जसलाई सबैभन्दा बढी मुक्ति चाहिएको छ र जसले नै अन्ततः संघर्षको नेतृत्व पनि ढिलो चाँडो गर्ने नै छन्, ती सर्वहारा श्रमजीवि महिलाहरु, उनीहरुको अवस्था, उनीहरुको संघर्ष, उनीहरुको चेतना लिङ्गवादी महिलावादीहरुका महिला विमर्शभित्र अटाउँदैनन् ।*

जहाँसम्म यौटा परिस्थितिमा सत्ताले विरोधी पक्षलाई दमन गर्नका निम्ति वा कमजोर बनाउनका निम्ति, महिलाविरुद्ध हिंसाका रूपमा पुरूषको लिङ्गलाई पनि हथियारको रूपमा प्रयोग गर्छन् र बलात्कार आदि जस्ता जघन्य घटनाहरु घटाउँछन् भन्ने कुरा हो त्यो साचो कुरा हो । तर साधारणरूपमा सबै पुरुषहरू नै त्यस्ता हुन्छन्, सबै पुरुषहरू महिलाहरू देख्ने विक्तिकै उत्तेजित हुन्छन् भनेजस्ता कुरा गर्नु भने बेठिक हो वा महिला पुरुषको सम्बन्धलाई यौन केन्द्रित सीमितरूपमा मात्रै बुझ्ने कुरा भने गलत हो ।

महिला पुरुषको यौन सम्बन्ध पनि कस्तो भने, असाध्यै निम्छरो र जंगली ढंगमा बुझ्ने, महिला र पुरुषबीचको यौन सम्बन्धलाई प्राकृतिक मात्रै ठान्ने वैचारिकरूपले असाध्यै द्ररिद्र, निकृष्ट, पशुवत र अमानवीय भद्दा बुझाई अझ हाँस्यस्पद छ । यस्ताहरू के बुझ्दैनन् भने निराशवादी सोचले आफु मानिस भएर पनि किरोको निकृष्ट भद्दा चेतनहीन स्वरूपमा आफूलाई ढाल्नु भनेको, आफ्नो मानवीय स्वरूप र चेतनाकै भद्दा मजाक गर्नु थियो भने यी लिङ्गवादी महिलावादीहरू पनि जस्तै आफ्नो मानवीय अस्तित्वको भद्दा मजाक गर्दै आफुलाई पशुहरूको स्तरमा झार्छन् र महिला र पुरुषबीचको यौन सम्बन्धलाई प्राकृतिक मात्रै ठान्छन् । प्राकृतिक मात्रै हुने त पशुहरूको बीचमा हुने यौन सम्बन्ध मात्रै हो । मान्छेमा त भावना र विचार पनि हुन्छ । मान्छेको हरेक काम क्रियाकलाप र गतिविधिहरूलाई भावना र विचारले संयोजन गर्दछ । मान्छेमा हुने सानोभन्दा सानो कुरादेखि उसको सहानुभूति, रिस, आवेग, आक्रोश, हाँसो रोदन जस्ता सबै मानवीय सरोकारका विषयहरूमा मान्छेका विचार र भावनाहरू जोडिएकै हुन्छन् र मानवीय हरेक गतिविधिमा भावना र विचारले सक्रिय योगदान पुर्‍याइराखेको हुन्छ र सक्रिय भूमिका निभाइरहेकै हुन्छ । त्यसो र मानवीय यौनको सवाल पनि विचार र भावना रहित हुनसक्दैन । यौनको सवालमा पनि विचार र भावनाले मुख्य भूमिका खेलीराखेकै हुन्छ ।

स्त्री-पुरुषबीच हुने स्वेच्छिक यौन प्रेम त्यो विचार र भावनारहित कहिल्यै हुनसक्दैन र अझ विचार र भावनाले नै त्यस्तो सम्बन्धमा मुख्य भूमिका निभाउने गरेको देखिन्छ । त्यसो र स्त्री-पुरुष हुने बित्तिकै वा स्त्री-पुरुषको उपस्थिति मात्रैले स्त्री-पुरुषबीच स्वेच्छिक यौन प्रेम भइहाल्ने वा सम्भव हुने भन्ने नै हुँदैन । स्त्री-पुरुषबीच हुने यौन प्रेम वा स्त्री-पुरुष युगल जोडी हुने कुरा प्राकृतिकरूपले स्वाभाविक कुरा भएपनि त्यो पशुहरूमा जस्तो प्राकृतिक स्वभावको मात्रै हुँदैन ।

मानवीय प्रेमको स्वभाव भने विचार, भावना, चेतनाको स्तर, मानवीय मूल्यमान्यता र दृष्टिकोणका हिसाबले विचार र भावनाले त्यसमा अझ मुख्य भूमिका निभाउने हुँदा, मानवीय प्रेम, पशुहरूको भन्दा दुर्लभ, विशिष्ट र स्तरिय हुने कुरा बुझिन्छ । यसो र विचार र भावनाको मेल नभइञ्जेल स्त्री र पुरुषबीचमा हुने स्वाभाविक र स्वेच्छिक यौन प्रेम सम्भव हुँदैन । जबरजस्ती त्यस्तो हुन्छ भन्नु नै आज बलात्कारहरू जस्तो जघन्य अपराध र घटनाहरु घट्नु हो र त्यस्तो मानसिकता भनेको स्त्री-पुरुषबीच हुने जीवन्त भावनात्मक र वैचारिक हार्दिक मानवीय सम्बन्धलाई स्वेच्छिकरूपमा नबुझ्ने, केवल अन्धो प्राकृतिक रूपमा मात्रै बुझ्ने, पशुवात अमानवीय बुझाई नै हो । त्यो मानवीय बिकारग्रस्त मष्तिस्कको रोगी, कमजोर, कुरूप, विकृत, विक्षिप्त र निकृष्ट अभिव्यक्ति हो । त्यस्ता विक्षिप्त मानसिक रोगीहरुको भरमा सबै पुरूषहरूलाई गाली गर्ने कुरा कति ठिक होला त ?

लिङ्गवादी महिलावादीहरू यही गर्दछन् र सबै पुरुषलाई मानवदेखि लिङ्गको स्तरमा झार्दा महिलाहरूलाई पनि स्वाभाविकरूपमा योनीको स्तरमा मात्र झार्ने कुरा भने बिर्सन्छन् । त्यसो र यस्ता लिङ्गवादी महिलाहरूको विमर्श उत्पीडिनमा परेका मध्यमवर्गीय वा निम्नमध्यम वर्गीय महिलाहरूको साँच्चैको पीडा अपमान र जीवनसित सरोकार राख्ने विषयहरुमा होइन कि न श्रमिक, न सर्वहारा महिलाहरूको विचार, संवेदना, संघर्ष र दृष्टिकोणसित नै सरोकार राख्ने गर्दछन् ।

मार्क्सवादी विचारले प्रभावित महिलाहरूले पुँजीवादी विचारद्वारा प्रभावित लिङ्गवादी महिलाहरूले जस्तो महिला विमर्शको कुरा गर्नु जायज हुँदैन । त्यस्तो विभ्रमयुक्त महिला विमर्शबाट मुक्त भएर मात्रै वास्तविक महिलामुक्तिको छलफल र विमर्शलाई अघि बढाउन सकिन्छ भन्ने कुरा बुझ्नुपर्दछ । त्यसो र महिला विमर्श र मुक्तिको सवालमा पहिलो कुरो, पुँजीवाद विरोधी सही दृष्टिकोण र विचारलाई आत्मसात गर्ने, अँगाल्ने र अपनाउने कुरा नै सही हुन्छ ।

## सामाजिक सञ्जाल



**- हरि रोका**

जुन २२-२३ मा पेरिसमा सम्पन्न ‘ग्लोबल फिनान्स सम्मिट’ असफल भएको छ । ऋणको भारीले थिचिएका ५२ गरीब देशका नागरिक ऋण मिनाहाको वकालतमा थिए तर, धनाढ्य देशहरू तयार भएनन् । बार्वाडोस जस्तो साना मुलुकले कुटनीतिक क्षेत्रमा नेतृत्वदायिक भूमिका निर्वाह गरिरहँदा हाम्रो परराष्ट्र कता निदाइ बसेको छ कुन्नी ?



**- सुर्यमाराज राई**

सेनाको संख्या घटाएर ३० हजारमा सीमित गरौं । जनपद प्रहरीको ५० हजारमा झारौं । सशस्त्रलाई खारेज गरी त्यसको २० हजारलाई जनपदमा गाभौं र प्रहरीको कूल संख्या ७० हजारमा सीमित गरौं । निजामतीतर्फ कुल संख्याको ५० प्रतिशत कटौती गरेर करार प्रणाली लागू गरौं । सबैको तलब वृद्धि गरौं । राजनीतिक सहमति खोजियोस् ।



**- रूद्र पाण्डे**

हो नेपालका प्रायजसो न्याधीशहरु पार्टी निकट देखिन्छन् । पार्टीबाट मनोनित भएर ठाडै सर्वोच्च र उच्च अदालत जाने प्रथा खारेज नगरेसम्म न्यायालयमा राजनीतिक प्रभाव कायमै रहन्छ । नयाँ पार्टीहरु यो प्रथा बदल्ने तिर आवाज किन उठाउँदैनन् ?



**- बिराट अनुपम**

१० प्रतिशत विद्यार्थी विपन्न पढाउने कुरामा कडाइ गर्दा १३ हजारले पढ्न पाएको कुरा आयो । अस्पतालको १० प्रतिशत विपन्न बिरामीको उपचारको कडाइ त्यही तहमा भएको छ । यो संघ सरकारको शिक्षा मन्त्रालय र स्वास्थ्य मन्त्रालय गरेको होइन है ! काठमाडौं महानगरले हो । गरे हुँदोरहेछ त !

# बहसमा समाजवादी मोर्चा

विचार



● लेखराज रेग्मी

> *मोर्चा बनाउने तर मोर्चाको स्पष्ट विचार, सिद्धान्त र कार्यदिशा निर्माण गर्न नसक्ने हो भने मोर्चा गठन अर्थहिन हुनसक्छ । मोर्चाले थप दलहरुभित्र अराजकता निम्त्याउन सक्ने जोखिम हुन्छ ।*

संवैधानिक समाजवाद उन्मुखतासँग सहकार्य गर्न तत्पर राजनैतिक दलहरुको व्यापक मोर्चाबन्दी संविधानको अक्षरश कार्यान्वयनको सवाल हो । यतिबेला विश्वमा रुस र चीनको मोडेलमा (लेनिन र माओ) समाजवाद स्थापना रक्षा र कार्यान्वयन गर्ने शक्ति, सामर्थ्य र तत्परता कमजोर रहेको देखिन्छ । यता नेपालमा पनि संसदभित्र र बाहिर राजतन्त्रको मागका आवाजहरु बढ्दै गएको छ भने संविधान र संविधानवादको पक्षमा तथा संवैधानिक ढंगले समाजवाद लागु गर्न सकिने विश्वास हुनेहरुको एकता पनि प्रभावित बनिरहेको छ । परिवर्तनकारी शक्तिहरु कमजोर बन्दै गइरहेको देखिन्छ भने परिवर्तनविरोधी सक्रिय बन्दै गइरहेको देखिन्छ । परिस्थिति पश्चगमनको लागि सुगमता गराउने खालको बनेको छ । यसलाई हेक्का राख्न नसकिने हो भने तावाको माछा भुङ्गोमा भन्ने उखान चरितार्थ हुनसक्छ । यसलाई समेत ख्याल गर्दै समाजवादी मोर्चाबारे बोल्न आवश्यक हुन्छ ।

समाजवादी मोर्चामा आबद्ध दलहरुमध्ये संवैधानिक समाजवाद र वैज्ञानिक समाजवादबारे चुनावको सवालमा दस्ताबेजिय रूपमा अस्पष्टता हुनु माओवादी केन्द्रको मूल समस्या हो । यसका विधिक कारणबारे छुट्टै छलफल आवश्यक छ र यो प्रश्न रैङ्क एण्ड फाइलमा नउठेको पनि होइन । यही कुरा नेत्र विक्रम चन्द ‘विप्लव’ नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीको लागि पनि भन्न सकिन्छ । तर मोर्चामा आबद्ध माधव कुमार नेपाल नेतृत्वको एकीकृत समाजवादीमा भने यो कुरा ‘जनताको बहुदलीय जनवाद’सँगै विकास भएको प्रतिष्पर्धा र संसदीय अभ्यासबाट प्राप्त हुने समाजवाद नै हो भन्ने बुझ्न समस्या छैन । प्रकारान्तरले तार्किकरूपमा उपेन्द्र यादव नेतृत्व जनता समाजवादीको अवस्था पनि अन्योलपूर्ण नै हो । यसरी दृढ सहकार्यको सम्भावनाको सीमा भनेको संसदीय अभ्यासबाट संवैधानिक ढंगले समाजवादमा पुग्ने नै हो । यो कसको लागि के-कति कार्यनैतिक लचकता वा रणनैतिक दृढता कुन विषयमा लिनुपर्ला आजै निर्क्योल भैसकेको विषय होइन ।

तर, टिआरसीको कार्यान्वयन र शान्ति सम्झौताको कार्यान्वयन सबै माओवादी समूहहरुको साझा मुद्दा हो र यसको लागि उनीहरु एउटै मोर्चामा आउनु आवश्यकता हो । यदि वैचारिक बहसलाई कायम राख्दै उपरोक्त कामको लागि बृहत मोर्चामा बदल्न शाहस गर्दै समाजवादी मोर्चामा सबै माओवादी समूह ध्रुबिकृत हुनसक्ने हो भने त्यसलाई गलत ठहऱ्याउन सकिन्न ।तर सर्वहारा समाजवादी विचारधारा र श्रृंखलाको परित्यागको सर्तमा भने सहमत हुन सकिँदैन ।

क्युबालगायत ल्याटिन अमेरिकी देशहरुले अमेरिकी साम्राज्यवादको नाकैमुनी उसैलाई चुनौति दिँदै जनआधारित सत्ता स्थापना गर्न, चुनाव प्रणालीलाई आधार बनाइरहेको सन्दर्भलाई समेत हेर्दा, उनीहरु प्रायः सबै पार्टीहरुले दोस्रो विश्वयुद्धको अगाडि वा पछाडि आ-आफ्नो देशको शासन सत्ता विरुद्ध हतियार उठाएका थिए, सायद नेपालले पनि एउटा कालखण्डको लागि यस्तो अभ्यासमा जाने सम्बन्धमा सोच्नुपर्ने हो कि ? के हामी गुप्त ढंगले एउटा क्रान्तिकारी कम्युनिष्ट पार्टीको सञ्चालन र वैधानिक कार्यनीतिको अभ्यासको दिशामा जानु आवश्यक हुँदैन ?

यी यावत प्रश्नहरुको समग्रतामा यो घोषित समाजवादी मोर्चाबारे आ-आफ्ना दृष्टिकोण निर्माण र कार्यान्वयन गर्न सम्भव होला ? यता पनि छलफल चलाउने कि ? नत्र मोर्चा मात्रै गठन गरेर उपलब्धि शून्य हुँदा त्यसले थप अराजकताको अवस्था सिर्जना गर्ने जोखिम हुन्छ । पार्टीहरु थप अकर्मण्यतामा फस्ने सम्भावना हुन्छ ।

***(लेखक रेग्मी, माओवादी केन्द्रका नेता हुन् ।)***

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | स्थानान्तरण हुने योग छ । धार्मिक कार्यहरुमा रुचि बढ्नेछ । |
| वृष | : | शुभ सन्देश प्राप्त हुनेछ । आहारमा ध्यान पुर्‍याउनु होला । |
| मिथुन | : | जग्गासम्बन्धी कार्यमा प्रगति हुनेछ । यात्राको योग छ । |
| कर्कट | : | पारिवारिक तनावको योग छ । नयाँ सोचअनुसार काम हुनेछ । |
| सिंह | : | पद र प्रभावमा वृद्धि हुनेछ । वाणी संयम राख्नुहोला । |
| कन्या | : | भाग्यमा वृद्धि हुनेछ । घरमा पाहुनाको आगमन हुनेछ । |
| तुला | : | वाणी संयम राख्नुहोला । पारिवारिक सहयोग प्राप्त हुनेछ । |
| वृश्चिक | : | शत्रु कमजोर हुनेछन् । दैनिक जीवन सुखी रहनेछ । |
| धनु | : | नयाँ काम सफल हुनेछ । चिन्ता गर्नु हुँदैन । |
| मकर | : | पुरानो कार्य सफल हुन्छ । व्यापारिक प्रगति राम्रो हुनेछ । |
| कुम्भ | : | अनावश्यक यात्रा गर्नु हुँदैन । नौलो कार्य प्रारम्भ हुनेछ । |
| मीन | : | अर्काको जिम्मा लिनु हुँदैन । प्रभाव बढ्नेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# बंगलादेशमा माइक्रोबसको सिलिण्डर विस्फोट, सात जनाको मृत्यु



**काठमाडौं/एजेन्सी–** बंगलादेशको मध्य फरिदपुर जिल्लामा शनिबार बिहान ग्यासबाट चल्ने माइक्रोबस राजमार्गको डिभाइडरमा ठोक्किँदा ग्यास सिलिण्डर विस्फोट हुँदा कम्तीमा सात जनाको मृत्यु भएको छ ।

राजधानी ढाकाबाट करिब १०१ किलोमिटर टाढा फरिदपुरको भाङ्गा प्रहरी चौकीका इन्चार्ज जियारूल इस्लामले पत्रकारलाई बताएअनुसार अत्यधिक गतिका कारण चालकले सवारी साधनमाथि नियन्त्रण गुमाएपछि माइक्रो बस राजमार्गको डिभाइडरमा ठोक्किएर दुर्घटना भएको हो ।

ढाकातर्फ जाँदै गरेको माइक्रोबसमा सिलिण्डर पड्केर आगलागी भएको र सातै जनाको जलेर मृत्यु भएको उनले जानकारी दिए । स्थानीयवासीले दिएको जानकारीअनुसार दमकल केही समयमा नै घटनास्थलमा पुगेर आगो नियन्त्रणमा लिए पनि उनीहरूले यात्रुहरूलाई बचाउन सकेका थिएनन् ।

बंगलादेशमा सडक दुर्घटनाका कारण हुने मृत्युदर विश्वमै सबैभन्दा बढी छ । मुख्यतया राजमार्गको खराब अवस्था, गाडीको उचित मर्मत सम्भारको अभाव, ग्यास सिलिण्डर विस्फोटसँग सम्बन्धित आगलागी, चालकहरूद्वारा ट्राफिक नियमको उल्लंघन र ट्राफिक विभागको अनुगमनको अभावका कारण बंगलादेशमा हरेक बर्ष हजारौं मानिसले ज्यान गुमाउने गरेका छन् ।

बंगलादेशमा मुस्लिम धर्मावलम्बीको इद उल फित्र पर्वका क्रममा अप्रिल १५ देखि अप्रिल २९ सम्म ३०४ वटा सवारी दुर्घटनामा परी ३२८ जनाको मृत्यु हुनुका साथै ५६५ जना घाइते भएका छन् ।

# बेइजिङका विद्यालयहरूलाई गर्मीमा धेरै बाहिरी गतिविधि नगर्न आग्रह

**काठमाडौं/एजेन्सी–** चीनको राजधानी बेइजिङका प्रमुख भागहरूमा पछिल्लो समय उच्च तापक्रमको अनुभव भइरहेको भन्दै नगर अधिकारीहरूले विद्यालयहरूलाई बाहिरी गतिविधि आयोजना नगर्न आग्रह गरेका छन् ।

नगर शिक्षा अधिकारीहरूले स्थानीय विद्यालयहरूलाई विद्यार्थीहरूको भलाई सुनिश्चित गर्नका लागि धेरै बाहिरी गतिविधिहरू आयोजना नगर्न आग्रह गरेका हुन् ।

शुक्रबार राति सम्बन्धित अधिकारीहरूले एक सूचना जारी गर्दै विद्यार्थीहरूको लागि बाहिरी गतिविधिहरूको समय परिमार्जन गर्न र उच्च तापमान मौसमको अवधिमा कक्षाहरू कम गर्न वा स्थगित गर्न विशिष्ट उपायहरू सोच्न आग्रह गरेका हुन् ।

आइतबारदेखि शुरु हुने तीन दिने ड्रागन बोट फेस्टिभलको बिदापछि विद्यालयहरूलाई चर्को गर्मीका कारण विद्यार्थीहरूका लागि धेरै 'आउटडोर' गतिविधिहरू आयोजना नगर्न सल्लाह दिइएको सूचनामा उल्लेख छ ।

बेइजिङले शुक्रबार उच्च तापक्रमका लागि 'रेड अलर्ट' जारी गरेको छ । चीनको सावधानी प्रणालीमा यो सबैभन्दा कडा चेतावनी हो ।

# आणविक सुरक्षाबारे रुसमा छलफल



**काठमाडौं/एजेन्सी–** रुसको रोसाटोम स्टेट कर्पोरेशनका महानिर्देशक एलेक्सी लिखाचेभले रुसको कालिनिनग्रादमा अन्तर ाष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आईएईए) का महानिर्देशक राफेल ग्रोसीसँग जापोरिज्जिया आणविक ऊर्जा केन्द्र वरपरको वर्तमान आणविक सुरक्षा अवस्थाबारे छलफल गरेका छन् ।

छलफलका क्रममा दुवै प्रतिनिधिहरूले संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्मा ग्रोसीले उठाएका मुद्दाहरूलाई सम्बोधन गरेका छन् ।

लिखाचेभले जोड दिँदै रूसी पक्षले आईएईए सचिवालयले केन्द्र वरपरको इलाकामा युक्रेनी सशस्त्र बलहरूले आक्रमण रोक्नका लागि विशेष कदम चालेको आभास मिलेको बताएका छन् ।

उनले ग्रोसीलाई आणविक केन्द्रको सुरक्षित सञ्चालन सुनिश्चित गर्नका लागि हाल रुसी पक्षले चालेका विशेष उपायहरूको बारेमा जानकारी गराएका थिए । विशेष गरी पानी आपूर्ति 'युक्रेनी सशस्त्र सेनाले काखोभका हाइड्रोइलेक्ट्रिक पावर प्लान्टको बाँध नष्ट गरेपछि,' उत्पन्न संकट लगायतका विषयमा छलफल भएको रोसाटोमले बताएका छन् ।

वार्तामा दुवै पक्षले जुन १५ मा ग्रोसीको प्लान्टको भ्रमणको नतिजाबारे पनि थप छलफल गरेका छन् । आफ्नो भ्रमणको क्रममा ग्रोसीले प्लान्टले सुरक्षित रूपमा सञ्चालन गर्न सक्छ कि सक्दैन भन्ने विषय व्यावहारिक रूपमा प्रमाणित गर्न सक्षम भएको पनि छलफल गरिएको छ ।

यसैबीच रूसमा वाग्नर लडाकूसमूहले सशस्त्र विद्रोहको प्रयास गरेको भन्दै रूसी रक्षा मन्त्रालयले उक्त समूहलाई शनिबार आत्मसमर्पण गर्न आग्रह गरेको छ ।

'हामी तपाईंलाई विवेकशील हुन र रूसी रक्षा मन्त्रालय वा कानून प्रवर्तन एजेन्सीका प्रतिनिधिहरूसँग जतिसक्दो चाँडो सम्पर्कमा आउन आग्रह गर्दछौं । हामी सबैको सुरक्षाको प्रत्याभूति दिनेछौं,' मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ । रूसी संघीय सुरक्षा सेवाको जनसम्पर्क केन्द्रले वाग्नर निजी सैन्य समूहका प्रमुख येभगेनी प्रिगोजिनविरुद्ध सशस्त्र विद्रोहका लागि उक्साएको अभियोगमा फौजदारी मुद्दा दायर गरिएको जनाएको छ ।

प्रिगोजिनको टेलिग्राम च्यानलमार्फत् विद्रोहको चेतावनीका थुप्रै श्रव्य सामग्री पोस्ट गरिएपछि यो अपिल आएको हो ।

रूसी समाचार संस्था तासका अनुसार यी रेकर्डिङमा प्रिगोजिनले आफ्नो एकाइमा आक्रमण भएको दाबी गर्दै रूसको सैन्य नेतृत्वलाई आक्रमण गर्ने योजना बनाएको उल्लेख छ ।

यी घटनाहरूपछि मस्कोमा सुरक्षा उपायहरू उल्लेखनीय रूपमा सुदृढ गरिएको छ । अत्यावश्यक सुविधाहरू, राज्यका संस्थाहरू र यातायात पूर्वाधारहरूलाई उच्च सुरक्षामा राखिएको छ र प्रहरी र प्रतिकार्य एकाइहरू उच्च सतर्कतामा राखिएको तास समाचार एजेन्सीले जनाएको छ ।


## एनएमबि बैंक लिमिटेड

बबरमहल, काठमाडौं फोन नं: ०१४२४६१६०

**हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**

प्रकाशित मितिः २०८०/०३/१०

यस बैंकको निक्षेपकर्ता श्री बखत बहादुर श्रेष्ठको नातीनी, श्री सुर्य बहादुर श्रेष्ठको छोरी, काठमाण्डौ जिल्ला, काठमाण्डौ म.न.पा. ३ स्थाई ठेगाना भई हाल काठमाण्डौ जिल्ला, काठमाण्डौ म.न.पा. ३ बस्ने वर्ष ७० को श्रीमती सिता रमिलाको ना.प्र.प.न. १७४५/७२७ जारी मिति (२०३४/५/१०) को मिति २०८०/०२/२३ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरू उपलब्ध गराई दिनुहोस् भनी निजको श्रीमान जयहरि रीमालले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरू समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदाबी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदाबी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरूमा निवेदकको माग बमोजिम मृतकको श्रीमान जयहरि रीमालको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## साउदीमा रोजगारको अवसर

१. कम्पनी : ROOTS FOOD SWEETS EST | शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०८०/०२/०८ | चलानी नं.: ६०२०१८५७ | LT. No.:286432 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३४,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असार १७ गते (2 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Al-karim Human Resources Pvt.ltd**

Chakrapath, Kathmandu, Phone. no.: 01-4521056 | 4521108 | 4521066 | 4521076

Email : alkarimhumanresources2017@gmail.com, Website : www.alkarimhumaresources.com



## OMAN मा रोजगारको अवसर

कम्पनी : AL ROZNAMA GLOBAL TRADING LLC | शहर: Salalah

पूर्व स्वीकृत मितिः २०८०/०३/०८ | चलानी नं.: ६०२०३६१५ | LT. No.: 288234

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook General | 2 | 0 | सम्बन्धित काममा दक्ष | 160 | ५४,७२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Arabic Food Cook | 1 | 0 | | 160 | ५४,७२९ | | | | | | | |
| 3. | Pastes Maker | 1 | 0 | | 160 | ५४,७२९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार १७ गते (2 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Aslesha International Pvt. Ltd.**

श्रम इजाजत नं. १४०२/०७४/०७५

Basundhara, Kathmandu, Tel.: 01-4016608, 4016608, Mob: 9818330451,9815926684, 9808156040 | Email: aslesha.intl@gmail.com, aslesha.international@gmail.com



## कतारमा रोजगार

१. कम्पनी: BEST IN GLOBE TRADING & CONTRACTING WLL | शहर: DOHA

पूर्व स्वीकृत मितिः २०८०/०३/०८ | चलानी नं.: ६०२०३५६५ | LT. No.: 288259

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 4 | 0 | स. काममा दक्ष | 1000 | ३५,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असार १७ गते (2 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**क्यापिटल इन्टरनेशनल मेनपावर प्रा. लि.**

(श्रम इजाजत नं: ५४३/०६१/०६२)

बसुन्धारा, काठमाडौं, फोन नं.: ४९५९७७२, ४९८४१९०, ४९९४१९१

फ्याक्स नं.: ४३८३६२७ Email: capital2004@yahoo.com | देवी प्रसाद अधिकारी ९८५१०९९३००

" Real Happiness Lies in Making Other Happy"



## UAE मा बैदेशिक रोजगारको अवसर

ECG Labour Supply Services L.L.C

पूर्व स्वीकृति मितिः २०८०/०३/०८ | चलानी नं. ६०२०३५६८ | LT No.: 288233

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Watchman | 30 | 0 | साधारण | 1200 | ४३,०१३।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | २ बर्ष |
| २ | Retail Sales Assistant | 50 | 0 | | 1200 | ४३,०१३।- | | | | | | |

Basic Salary AED 1200 भएता पनि अनिवार्य OT सहित AED 1800 हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८० असार १८ गते (3 July, 2023) जनप्रिय थकाली भान्सा घर, पोखरामा २०८० असार १९ गते (4 July, 2023) सि. पि. होटल बिर्तामोडमा र लक्की सेबेन ट्रेनिङ सेन्टर, दमक, झापामा असार २० गते (5 July, 2023) यस प्रा. लि. को कार्यालय, बालुवाटार, काठमाडौमा हुनेछ ।

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाइं नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**Continental HRD Consultants Pvt. Ltd.**

Gov.Lic.no.: 983/067/068

Baluwatar, Kathmandu Phone No.: 00977-1-4545550, 4530003, 4515055, Pokhara Contact: 9819135170, 9805827782

Jhapa Contact: 9806097819, 9852678705, 9801414610

E-mail: continentalnepal01@gmail.com | Web: www.continentalhrd.com



## कतारमा रोजगार

कम्पनी : TASTY MELT CHOCOLATE TRADING | शहर: DOHA

पुर्व स्वीकृत मितिः २०८०/०३/०८ | चलानी नं.: ६०२०३५२९ | L.T. No.:. 288182

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant | 0 | 6 | सम्बन्धित काममा दक्ष | 3600 | १२९२७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Supervisor | 40 | 0 | | 3000 | १०७७३० | | | | | | | |
| 3. | Dairy Products Maker | 0 | 1 | | 2200 | ७९००२ | | | | | | | |
| 4. | Supervisor | 0 | 2 | | 3000 | १०७७३० | | | | | | | |
| 5. | Confectioner | 0 | 1 | | 1600 | ५७४५६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असार १७ गते (2 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल रायन इन्टरप्राइजेज प्रा. लि.**

श्रम इजाजत नं. ४१६/०६०/०६१

तिलगंगा, सिनामंगल, काठमाडौं, नेपाल, फोनः ४४१२१७१

मोः ९८५१०६०१८५, Email: alryanktm@gmail.com



## साउदीमा रोजगार

कम्पनी : ABDULLAH MOHAMMED AL SAQABI SONS COMPANY | शहर: SAUDI

पुर्व स्वीकृत मितिः २०८०/०३/०१ | चलानी नं.: ६०२०३५७४ | L.T. No.:287910

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cement Mixer Driver | 1 | 0 | स. काममा दक्ष | 1900 | ६६,२७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार १५ गते (30 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले व्यहोर्ने | रु. १,५००/- कामदारले व्यहोर्ने | रु.१०,०००/- कामदारले व्यहोर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल समिट म्यानपावर प्रा.लि.**

श्रम इजाजत पत्र नं. ४९५/०६१/०६२

सामाखुसी, टाउनप्लानिङ, काठमाडौं, फोन नं.: ४३८२२२२, ४३८२४४४, ४३८६५४४, फ्याक्सः नं. ४३८१३६४

ISO 9001 certified company

Website: www alsmmc com E mail: alsamitmanpower495@gmail com



## UAE मा रोजगारको अवसर

कम्पनी: SAAED EMPLOYMENT SERVICES | शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/०१/२७ | चलानी नं.: ६०२०१२०२ | L.T. No.: 285804 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electricians | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Female Cleaners | 0 | 50 | | 900 | ३२,१०३ | | | | | | | |
| 3. | Male Cleaners | 10 | 0 | | 900 | ३२,१०३ | | | | | | | |
| 4. | Masons | 10 | 0 | | 1000 | ३५,६७० | | | | | | | |
| 5. | PLUMBER | 15 | 0 | | 1000 | ३५,६७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार १७ गते (2 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**BRIGHT FUTURE HR SOLUTION PVT.LTD.**

KMC-03, Basundhara, Kathmandu, Nepal.

नेपाल फोन नं.: ०१-५९१४६३२, फोन नं.: ९८०३७११६०५,९८१८०१२७०१

Email : cvsbrightfuturehrs@gmail.com



## साउदी, युएई र कतारमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी: :ALI ABDULAZIZ SULEIMAN AL-SUNAIDI LEASING CORPORATION | शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०८०/०३/०८ | चलानी नं.: ६०२०३५९८ | L.T. No.: 288299

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver Heavy Equipment | 2 | 0 | स. काममा दक्ष | 2500 | ८७,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: :USHINAILSPA LADIES CENTER-SOLE PROPRIETOSHIP | शहर: UAE

पूर्व स्वीकृत मिति: २०८०/०३/०८ | चलानी नं.: ६०२०३५९९ | L.T. No.: 288316

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manicurist | 0 | 24 | स. काममा दक्ष | 1200 | ४२,७४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: :DIAMOND SHINE CLEANING AND HOSPITALITY | शहर: DOHA

पूर्व स्वीकृत मिति: २०८०/०३/०४ | चलानी नं.: ६०२०३६०० | L.T. No.: 288141

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 0 | 5 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Customer Services | 0 | 5 | | 1200 | ४३,०९२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार १७ गते (2 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | साउदीको रु. १०,०००/- अन्यको नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**चाँदनी म्यानेजमेन्ट सर्भिसेज प्रा. लि.**

Chandani Management Services Pvt.Ltd.

श्रम इजाजत नं. ८३४/०६६/०६७

Basundhara-3, Kathmandu, Nepal, Phone No: 01-4955422, 4960522

Email: chandanimanpower@gmail.com/website: cmsmanpower.com

स अफिस समाचार



# ‘इच्छाशक्ति र धैर्यताबिना सफलता सहज छैन’

एक समयकी चर्चित र व्यस्त अभिनेत्री खुश्बु खड्काको व्यस्तता पछिल्लो समय फेरि बढ्न थालेको छ । अभिनय तथा नृत्यमा पारङ्गत अभिनेत्री खुश्बु अभिनित भिडियो “ढिंडो देउ मलाई” यही असार ५ गते सार्वजनिक भएसँगै भिडियोले स्रोता, दर्शकको मन जित्दैछ । सिष्ठम, नालायक, गोरे, दीपज्योति, सुकुल गुण्डा, अहिले बाजेको पालामा, रातोटिका निधारमा आदि चलचित्रमा अभिनय गरेकी अभिनेत्री खुश्बु अभिनित चलचित्र “जुनी” प्रदर्शनमा आउन भने सकिरहेको छैन । एक्सन तथा लभ स्टोरी दुवै भूमिकामा जीवन्त अभिनय गर्न सक्षम अभिनेत्री हुन् खुश्बु । बि एण्ड के इन्टरनेशनल प्रा.लि.की प्रबन्ध निर्देशकसमेत रहेकी खश्बु चलचित्र कलाकार संघको कार्यसमिति सदस्य पनि हुन् । झण्डै सयको हाराहारिमा म्युजिक भिडियोमा मोडलिङ गरिसकेकी अभिनेत्री, मोडल **खुश्बु खड्का**सँग मध्यान्ह दैनिकका लागि **सानु श्रेष्ठ**ले गरेको कुराकानीको सम्पादित अंश :

**खश्बु खड्का**, अभिनेत्री

**भर्खरै सार्वजनिक भएको गीत ‘धानको भात तिमी खाउ ढिंडो देउ मलाई’को भिडियोले कस्तो चर्चा पाइरहेको छ ?**

राम्रै चर्चा बटुलिरहेको छ । भिडियोलाई गाउँघरतिरको सांस्कृतिक कार्यक्रममा हुने जमघट शैलीबाट सुन्दर ढंगले अगाडि बढाइएको छ र खेत बारीमा नाच्दै, गाउँदै दृश्यलाई शुरुवाती अवस्थामा ल्याएर टुंगाइएको छ। प्रकाश साप्कोटाको शब्द, रवि ओड, शान्तिश्री परियारको स्वर सुहाउँदो कीर्तिमानी संगीतकार सन्तोष श्रेष्ठले सुन्दर संगीत सिर्जना गर्नु भएकोले पनि आज अडियोले मात्र होइन भिडियोले पनि चर्चा पाइरहेको छ। मसँग काम गर्नु हुने रवि ओड, प्रिन्स विश्वकर्मा, तलिशा गुरुङ लगायतको अभिनय राम्रो हुनुमा निर्देशन, फोटोग्राफी शिवराम श्रेष्ठ र निर्देशक प्रमोद कुमार भण्डारीको मिहेनतले गर्दा हो ।

**बीच–बीचमा हराउनुको कारण ?**

कोभिडयता चलचित्र निर्माणमा कमी आउनु र गुटबन्दी मुख्य कारण हो । आ-आफ्नो टिम छन्, टिम बेगरका कलाकारको अवस्था यस्तै हो । ठूलो पर्दा नभएर के भयो र सानो पर्दामार्फत आफ्ना दर्शकहरुसँग साक्षात्कार गरिरहेकी नै छु ।

**तपाई कलाकार कि खेलाडी ?**

सक्षम पात्रको रुपमा पर्दामा देखिन एउटा कलाकारमा सबै खाले कलाकौशल हुनुपर्छ भन्ने मेरो मान्यता रहिआएको छ। नृत्य, अभिनयसँगै एक्शनको पनि चलचित्रमा महत्वपूर्ण भूमिका रहन्छ। द्वन्द्वात्मक दृश्य दिनुपर्ने अवस्थामा सक्दिनँ भनेर पन्छिनु त भएन नि, त्यसैले खेलको प्रशिक्षण लिएकी हुँ । म राष्ट्रिय स्तरको तेक्वान्दो खेलाडी भएपनि चलचित्रमा मेरो एक्शनको सदुपयोग हुन सकिरहेको छैन ।

**केही समय पहिले दुबईको सुमद्रमा खिचेको हट फोटोका कारण मिडियामा निकै चर्चा चलेको थियो नि ?**

ग्ल्यामर क्षेत्रलाई मिडियाले पछ्याउनु स्वभाविक हो। यसलाई अन्यथा लिनु हुँनैन । दुबई घुमघामको क्रममा समुद्री तटमा बिकिनीमा खिचेको फोटो आफ्नो फेसबुकमार्फत सार्वजनिक गरेकी थिएँ, तर थाहा थिएन फोटो त्यत्तिको भाइरल हुन्छ भन्ने ।

**दुबई जानुको उद्देश्य ?**

सांस्कृतिक कार्यक्रमको सिलसिलामा विदेश जाने आउने क्रम चलि नै रहन्छ । तर मेरो त्यो दुबई पारिवारिक भ्रमण थियो । मेरी आमालाई विभिन्न २३ वटा मुलुकको भ्रमण गराइसकेकी छु। त्यतिबेला बुवालाई घुमाउन दुबाई पुगेकी थिएँ ।

**अहिलेको अवस्थामा कला क्षेत्रमा भविष्य देख्नुहुन्छ ?**

यो क्षेत्र भनेको विशाल नदी हो। जोसँग दर्शक, स्रोताहरुको मन मष्तिकमा बस्न सक्ने क्षमता हुन्छ, उसले निरन्तरता पाइरहन्छ नभए स्वत: किनारा लाग्छन् ।

**अहिलेको युवायुवतीहरु कला क्षेत्रप्रति आकर्षित रहेको पाउनुहुन्छ ?**

जो कोही युवा अवस्थामा कलाकार बन्ने चाहना राख्छन्। तर सबैको चाहना विविध कारण पूरा नहुन सक्छ। कतिले त चाहेर पनि कला क्षेत्रमा प्रवेश नै पाउँदैनन्, पाएका पनि टिक्न सक्दैनन् । बाहिरबाट हेर्दा जति रंगिन देखिन्छ कला क्षेत्र वास्तविकता बेग्लै छ। त्यसैले घाम पानी नभनी, कठिन परिस्थितिसँग जुध्दै आफ्नो चाहनाप्रति इमान्दार रहेर काम गर्न सक्ने मध्ये केहीले मात्र सफलता पाउँछन् । जो सफल हुन्छन् उसले नाम, दाम प्रतिष्ठासँगै विभिन्न अवसरहरु पाइरहेका हुन्छन्। देश विदेशको यात्रा गर्दै संसारमा चर्चित हुने अवसर पनि जुटाइरहेका हुन्छन्। संघर्षले खारिएर स्थापित बनेका कलाकारको यस्तो गतिविधि देखेर पनि होला नयाँ पुस्ताका युवायुवतीहरु कला क्षेत्रप्रति आकर्षित हुने गरेको पाउँछु म। तर इच्छाशक्ति र धैर्यता बिना कलाकारितामा सफलता पाउन त्यति सहज भने छैन ।

**चलचित्र कलाकार संघको कार्यसमिति सदस्य भएको नाताले संघका सदस्यहरुका लागि आफ्नो पक्षबाट के गर्दै आउनुभएको छ ?**

कोभिड-१९ महामारीको समयमा अप्ठेरोमा पर्नुभएका कलाकार, प्राविधिक र संघका सदस्यहरुको घर, घरमा पुगेर सकेको सहयोग उपलब्ध भएको थियो । नेपाल चलचित्र कलाकार संघ चलचित्र कलाकारहरुको पेशागत हक हितका साथै चलचित्रको संरक्षण सम्वर्द्धनमा स्थापना भएको संस्था भएकोले संघको स्थापनाकालदेखि नै कलाकारहरुको उत्थान, हित र चलचित्रको प्रवर्द्धनमा क्रियाशील रहँदै आएको छ । कलाकारका विभिन्न समस्यालाई संघले सम्बोधन गरी सामाधान गर्दै आइरहेको कुरालाई बिर्सनु हुँदैन। संघमा नयाँ नेतृत्व आएपछि चलचित्र कलाकारहरुको हकहितका लागि दीर्घकालीन कार्ययोजनाको विषयमा छलफल चलिरहेको छ । कलाकारहरुको हकहितको बारेमा अग्रजहरुको राय सल्लाह, संघको आह्वानमा भएका छलफल, भेलाबाट निस्केका विविध विषयका निष्कर्षलाई कार्यान्वयन तहसम्म पुऱ्याउन लागिपरिरहेका छौं । पारिश्रमिक, बीमालगायतका समस्या धेरै छन्। सबै समस्यालाई एकैपटक सम्बोधन गर्न संघले नसकेपनि क्रमश: सम्बोधन हुँदै जानेछ ।

**भविष्यको योजना के छ ?**

एउटा कलाकारको लक्ष्य भनेको दर्शकमाझ छाइरहने हो । पछिल्लो समय नेपाली चलचित्र उद्योग सुधारोन्मुख अवस्थामा रहेको छ । नेपाली चलचित्र हेर्ने दर्शकको संख्यामा वृद्धि हुँदै गएकोमा खुशी लाग्छ। अहिलेकै गतिमा गए नेपाली चलचित्रले पनि फड्को मार्ने देखिन्छ । फिल्म आदिपुरुषले विवाद उत्पन्न गराएको छ। चलचित्र विकास बोर्ड, सेन्सर बोर्डजस्ता सम्बन्धित निकाय यस्ता कुराहरुमा चनाखो हुन जरुरी छ । मसहितको अभिनय रहेको भिडियो ‘ढिंडो देउ मलाई’ भर्खरै सार्वजनिक भएको छ हेरेर निश्पक्ष प्रतिक्रिया दिनुहुन सबैमा अनुरोध छ।

## कतारमा तेस्रो डम्फु साँझ सम्पन्न

**प्रवास डायरी**
तिलु शर्मा पौडेल/मध्यान्ह

नेपाल प्रवासी तामाङ समाज कतारको आयोजनामा ‘तेस्रो डम्फु साँझ २०२३’ सम्पन्न भएको छ। जनजाति महासंघका अध्यक्ष डिएन मगरको प्रमुख आतिथ्यता तथा समाजका अध्यक्ष सुवास तामाङको सभापतित्वमा डम्फु साँझ सम्पन्न भएको हो। फरक शैलीमा सम्पन्न कार्यक्रम दुई चरणमा भएको थियो।

औपचारिकरूपमा समाजका प्रमुख लामा गुरु गुर्व लामाले पूजा गर्दै उद्घाटनसहित सञ्चालन गरेको कार्यक्रममा समाजकी द्वित्तीय उपाध्यक्ष अस्मिता तामाङले स्वागत मन्तव्य राखेकी थिइन् भने डम्फुको बारेमा संस्कार विभाग प्रमुख सविन तामाङले प्रकाश पारेका थिए । समाजद्वारा स्थापित शैक्षिक विकास कोषको प्रवर्द्धन र तामाङहरूको मौलिक बाजा डम्फुलाई विश्वसामु चिनाउन, संरक्षण गर्न, डम्फुको इतिहास र महत्वबारे वर्तमान पुस्तालाई बुझाउनका साथै भावी पुस्तालाई हस्तान्तरण गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

महासचिव आशिष मोक्तान तामाङले सहजीकरण गरेको औपचारिक सत्रमा शैक्षिक विकास कोषका संयोजक नर घिसिङ तामाङले



कोषको प्रवर्द्धन तथा योजनाबारे वृत्तचित्रसहित प्रस्ट पारेका थिए । कार्यक्रमको पहिलो औपचारिक चरणमा केही शुभकामना मन्तव्य लिइएको थियो भने विधिवतरूपमा औपचारिक कार्यक्रमको समापन गर्दै सभापति तामाङले कार्यक्रम दोस्रो चरण अर्थात सांस्कृतिक चरणमा प्रवेश गरेको घोषणा गरेका थिए।

दोस्रो चरणको सांगीतिक कार्यक्रमको ढोका स्वागत नृत्यद्वारा खोलिएको थियो । नेपालबाट आमन्त्रित सेलो गायक तथा संगीतकार वैरागी मोक्तानले नेपाल आमाले पठाएको कोसेली ल्याएको भन्दै आयोजकलाई मायाको चिनो स्वरूप डम्फु प्रदान गर्दै आफ्नो सांगीतिक कोसेली पस्कन शुरु गरेका थिए । उनले लगातार आधा दर्जन सेलो र म्हेन्दोमाया गीत प्रस्तुत गर्दै उपस्थितलाई नचाएका थिए । खचाखच दर्शकले भरिएको हलमा ताली र हुटिङको वर्षात भएको थियो । मोक्तानलगत्तै स्टेज चढेकी गायिका तथा आरजे सविना तामाङले आफ्ना हिट गीतहरू प्रस्तुत गरिन् । म्हेन्दोमाया गायिकाको परिचय बनाएकी उनले पनि आफ्ना गीतमा दर्शकलाई नचाइन् । सचिव पाखिन तामाङ र मणि तामाङले मिलेर सहजीकरण गरेको सांस्कृतिक कार्यक्रमको उत्तरार्धमा स्टेज चढेका युवा पुस्ताका चर्चित गायक उर्गेन दोङले करिब एक दर्जन गीत गाए। ‘टाढा भए पनि’बाट आफ्नो प्रस्तुति राख्न शुरु गरेका उनलाई दर्शकले लगातार साथ दिइरहे । उनले आफ्ना हिट गीतहरू टाढा भए पनि २, पाउजु छम छम, ए मेरी सुवालगायतका गीतहरू गाइरहँदा दर्शक दीर्घाबाट वान्समोर पाइरहे । दोङले दर्शकलाई निराश पारेनन्, दर्शकको चाहनाबमोजिम गीतहरू दोहोऱ्याएर गाए।

कार्यक्रममा कतारमा रहेका कलाकारहरू सरोज लामा तामाङ, सरोज मोक्तान तामाङ, रबिन पाखिन तामाङ, अमर मगर, वीर मोक्तान, सञ्जु बल, आरोषी लोप्चन, रस्मिला तामाङ, अस्मिता मगर,सोनीका थोकर, माया थोकर तामाङ, अजय सिङदन तामाङ, तुल सिंह तामाङ, सूर्य तामाङ, रबिन तामाङ, सल्मा तामाङ, शर्मिला तामाङ, माया घिसिङ तामाङ, सुशीला तामाङ, दिनेश तामाङ, कुमार ओखली (सुकमान), सरला तामाङ, सिर्चेङ तामाङ, अमृत तामाङ, विश्व तामाङ, सूर्य तामाङ, सृष्टि लामा सरिता बान्तवा, यन्सु तामाङ, एलिना तामाङ, विशाल तामाङ, सरोज तामाङ, प्रयाग चौधरी, सुजन चहर, गोबीन गुरुङ लगायतका कलाकारले म्हेन्दोमाया, सेलो तथा नेपाली सुगन गीतहरूमा गायन तथा नृत्य पेस गरेका थिए। हलमा पुस्तक तथा तामाङ संस्कृति झल्कने विभिन्न भेसभुसाको स्टल पनि राखिएको थियो ।

## इद धमाकामा प्रस्तुति दिन पल र अस्मिता कतार आउँदै

रियल हिरो उपनामले परिचित चर्चित नायक तथा मोडल पल शाह कतार आउने भएका छन्। वाटर गेट लाउन्ज एन्ड क्लबले बकर इदको अवसरमा आयोजना गर्न लागेको इद धमाकामा आफ्नो प्रस्तुति दिन शाह कतार आउन लागेका हुन्। शाहसँगै नेपालबाट युवापुस्ताकी चर्चित गायिका अस्मिता अधिकारी पनी कतार आउने भएकी छिन् । अधिकारीका लोक दोहोरीलगायत सुगम विधाका सयौं गीत बजारमा हिट छन् ।

बुधबारबाट शुरु हुने इदको सार्वजनिक बिदाको अवसर पारेर इद धमाका २०२३ आयोजना गर्न लागिएको क्लब सञ्चालक उत्तम गुरुङले मध्यान्हलाई जानकारी दिए । उनले हरेक शुक्रबार क्लबमा नेपालीहरूका लागी नेपालबाट ख्याति प्राप्त कलाकार ल्याई मनोरञ्जन




प्रदान गर्ने गरेको बताउँदै अन्य दिनहरूमा विभिन्न राष्ट्रका चर्चित कलाकार ल्याउने गरेको बताए ।

लुसेलमा अवस्थित वाटर फन्ट होटेलको तेस्रो तलामा आगामी बिहीबार दिउँसो ४ बजेबाट शुरु हुने धमाकामा प्रवेश शुल्क पुरुषका लागि १ सय र महिलाका लागि ५० कतारी रियाल कायम गरिएको कार्यक्रम संयोजक रोशन अर्यालले जानकारी दिए। टिकट काउन्टरमै उपलब्ध हुने अर्यालले बताए ।

## मण्डलामा ‘कोराघाट’ र ‘हिउँभन्दा चिसो’ मञ्चन

**काठमाडौं/मस–** थापागाउँस्थित मण्डला नाटकघरमा असार ७ गतेदेखि ‘कोराघाट’ र असार ८ गतेदेखि ‘हिउँभन्दा चिसो’ को मञ्चन भइरहेको छ । पछिल्लो समय चलचित्रको अभिनयमा व्यस्त अभिनेता भोलाराज सापकोटा छ वर्षपछि सोमनाथ खनालद्वारा निर्देशित नाटक ‘हिउँभन्दा चिसो’मार्फत रङ्गमञ्चमा प्रस्तुत भएका छन् ।

‘चलचित्र र अन्य कामलाई मिलाएर नाटकघरमा प्रस्तुत भएको छु। आज र भोलि भन्दै छ वर्ष बितिसकेछ । समय मिलाएर नै यसपटक अभिनय गरेको हुँ,’ अभिनेता सापकोटाले भने, ‘केही मञ्चनमा निर्देशन गरे पनि प्राप्त सुझावका आधारमा कलाकार बनेको हुँ। यहाँबाट फेरि केही सिकेर फर्किने छु।’

थिएटरबाट नै अभिनयको सुरुआत गरेर भारतीय चलचित्र ‘बर्फी’मा अभिनय गरिसकेका अभिनेता सापकोटाले रङ्गमञ्च आफ्ना लागि अभिनयको ऐना रहेको बताए। उनले भने, ‘यहाँ काम गर्दा आफूलाई चिन्न र बुझ्न पाइन्छ । व्यावसायिक दबाबभन्दा पर रहेर काम गर्दाको आनन्द छुट्टै छ ।’

निर्देशक खनालले तीन पात्रको भेट भएपछिको कथा नाटकमा प्रस्तुत गरिएको जानकारी दिए। ‘तीन पात्र मात्र नाटकमा छन्। उनीहरूकै यात्रा र त्यहाँ निम्तिने घटना क्रममा नाटक आधारित छ,’ उनले भने । असार ८ देखि साउन १४ गतेसम्म मञ्चन हुने नाटकमा अभिनेता सापकोटासँगै रेणु योगी र गोविन्द सुनारले अभिनय गरिरहेका छन् ।

त्यस्तै, मण्डला नाटकघरकै अभिनय प्रशिक्षण कार्यक्रम ‘थिएटर ल्याब’ को ११औं ब्याचका प्रशिक्षार्थीलाई लिएर तयार पारिएको ‘कोराघाट’ कुमार नगरकोटीले लेखेका छन् । कोराघाट नाटकको कथा ‘कोराघाटका कियापुत्रीहरू’ मा आधारित छ । कमलमणि नेपालले निर्देशन गरेको यो नाटक असार २१ गतेसम्म मञ्चन हुनेछ ।

दोर्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नौथर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति :२०८०/०३/१०

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०८०/०१/२७ गते प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मुल्यांकन गर्दा तपसिल बमोजिमको बोलपत्र सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को (१) बमोजिम न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भई मुल्यांकन समितिको निर्णय अनुसार स्वीकृतको लागि छनौट भएकोले ऐनको दफा २७ को उपदफा (२) को प्रयोजनको लागि यो ७ दिनको सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | कामको विवरण | ठेक्का नं | बोलपत्रदाताको नाम र ठेगाना | बोलकबोल रकम (भ्याट बाहेक) | ल.ई. भन्दा कमि वा बढी | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | Gaupalikako Prashasanik Bhawan Nirman | DORDI/NCB/W/04/079-080 | Devkota/Ganapati JV, Nuwakot, Bidur -Nepal | ५,८०,२१,३७६.१ | २१.८९ % ले घटी | |

शम्सेर गुरुङ
प्रमुख प्रशासकीय अधिकृत

# नेपाल समूह चरणबाटै बाहिरियो



**काठमाडौं/मस–** साविक उपविजेता नेपाल भारतमा जारी १४औं संस्करणको साफ च्याम्पियनसिप फुटबल प्रतियोगिताको समूह चरणबाटै बाहिरिएको छ । शनिबार भारतसँग पराजित हुँदै नेपाल समूह चरणबाटै बाहिरिएको हो ।

बैंगलोरस्थित श्री कान्तिरभा स्टेडियममा नेपाल साविक विजेता भारतसँग २-० गोल अन्तरले पराजित भएको हो । भारतलाई जित दिलाउन कप्तान सुनिल क्षेत्री र महेश सिंह नोरिमले समान एक-एक गोल गरे ।

पहिलो हाफ उत्कृष्ट खेल खेल्दै नेपालले भारतलाई बराबरीमा रोकेको थियो । तर दोस्रो हाफमा दुई गोल गर्दै भारतले खेल आफ्नो पक्षमा पार्‍यो । खेलको ६१ औं मिनेटमा सुनिलले गोल गर्दै भारतलाई सुरुआती अग्रता दिलाएका थिए । त्यसपछि खेलको ७० औं मिनेटमा महेशले गोल गर्दै भारतलाई २-० को जित दिलाए ।

यस जितसँगै समूह 'ए'बाट भारतले सेमिफाइनलमा स्थान बनाएको छ । भारतले २ खेलमा ६ अंक जोडेको छ । लगातार दोस्रो जित निकालेको भारत दोस्रो स्थानमा रहेको छ । भारतले पहिलो खेलमा पाकिस्तानलाई ४-० ले हराएको थियो । अब नेपालले तेस्रो तथा समूह चरणको अन्तिम खेलमा मंगलबार पाकिस्तानविरुद्ध खेल्नेछ । नेपाल अंकविहीन रहँदै तेस्रो स्थानमा रहेको छ । पाकिस्तान पनि अंकविहीन रहदै पुछारमा रहेको छ । पाकिस्तान पनि समूह चरणबाट बाहिरिएको छ ।

यस्तै शनिबार नै भएको अर्को खेलमा आमन्त्रित टोली कुवेतले पाकिस्तानलाई पराजित गरेको छ । भारतको बैंलोर स्थित कान्तिरभा रंगशालामा भएको खेलमा कुवेतले पाकिस्तानलाई ४-० गोल अन्तरले पराजित गरेको हो ।

कुवेतको जितमा मुबारक फानिनीले दुई गोल र सुल्तान इनिजी र इद राशिदीले समान एक/एक गोल गरे । खेलको १०औं मिनेटमा इनिजीले गोल गर्दै कुवेतलाई शुरुवाती अग्रता दिलाएका थिए । त्यस्तै खेलको १७औं मिनेटमा फानिनीले गोल गर्दै कुवेतको अग्रता दोब्बर बनाए । खेलको पहिलो हाफको अतिरिक्त समयमा फानिनीले व्यक्तिगत दोस्रो गोल गरे भने ९औं मिनेटमा राशिदीले गोल गरेका थिए ।

जितसँगै समूह 'ए' मा रहेको कुवेतले दुई खेलमा ६ अंक जोडेको छ । पहिलो खेलमा कुवेतले नेपाललाई ३-१ गोलअन्तरले पराजित गरेको थियो । पाकिस्तान भारतसँग पराजित भएको थियो ।

# राष्ट्रिय स्केट बोर्डमा विजय र समीक्षालाई उपाधि



**काठमाडौं/मस–** विजय लिम्बू र समीक्षा राईले छैटौं राष्ट्रिय स्केटबोर्ड प्रतियोगिताको उपाधि शनिबार जितेका छन् । फ्रिस्टायल बेस्ट रन स्पर्धाको पुरुषमा विजय तथा महिलामा समीक्षा पहिलो भएका हुन् ।

नेपाल स्केटिङ तथा स्केट बोर्डिङ संघद्वारा आयोजित प्रतियोगिताको पुरुषमा बसन्त राई दोस्रो तथा गजेन्द्र बर्देवा तेस्रो भए । महिलामा स्वाति स्रेष्ठ दोस्रो तथा अर्लिन लामा तेस्रो स्थानमा रहे । पुरुष/महिला दुवैमा शीर्ष तीन स्थान हात पार्नेले क्रमशः २० हजार, १५ हजार र १० हजार नगद पुरस्कार प्राप्त गरे ।

रविभवनस्थित नाथम कलेजमा भएको प्रतियोगिताका विजेतालाई संघीय सांसद् शोभिता गौतम, आयोजक संघका अध्यक्ष अच्यूत खनाल, महासचिव सत्य थापालगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे । त्यसअघि प्रतियोगिताको राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङले उद्घाटन गरेका थिए ।

प्रतियोगिताको पुरुषमा १ सय ५० तथा महिलामा ४० गरी १ सय ९० खेलाडी सहभागी थिए । शुक्रबार खेलाडीको छनोट प्रतियोगिता भने सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसरमा भएको थियो । त्यसबाट पुरुष/महिलामा समान १०-१० खेलाडी फाइनल चरणलाई छनोट गरिएको थियो ।

# जिम्बावेले वेस्ट इन्डिजलाई हरायो

